# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क ३२ पूर्णाङ्क २७० | २०७८ माघ २४ गते सोमबार | Monday, 7 Feb., 2022 | पृष्ठ ८ | मूल्य रू. १०।–


## नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव किरणद्वारा कमरेड के. बी. फुदुङको निधनमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का पूर्व केन्द्रीय समिति सदस्य कमरेड के. बी. फुदुङको २०७८ माघ १६ गते राती हृदयघातका कारण आकस्मिक र असामयिक निधन भएको छ । पार्टीको केन्द्रीय समितिमा नरहे पनि उहाँ



पार्टीका अन्य कतिपय महत्वपूर्ण जिम्मेवारीमा रहेर सक्रियतापूर्वक काम गर्दै आउनुभएको थियो । उहाँको निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दैनेकपा (क्रान्तिकारी माओवादी)का महासचिव किरणव्दारा आज एक श्रद्धाञ्जली–वक्तव्य प्रकाशित गरिएकोछ ।

# एमसीसी : संशोधनको च्याप्टर क्लोज, खारेजी अपरिहार्य



काठमाडौं । आफ्नो साम्राज्यवादी मिसनमा आधारित मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) सम्झौता जसरी पनि नेपालको संसदबाट अनुमोदन गराइछाड्न अमेरिकाले यहाँका सत्तारुढ तथा प्रतिपक्षी दलका नेताहरूलाई विभिन्न माध्यमबाट दबाब बढाइरहेको छ । यहाँका सत्तारुढ दलहरू खासगरी माओवादी केन्द्र र एसमाजवादीले संशोधनसहित एमसीसी पास गर्ने र पछिल्लो चरणमा त्यसै अनुसारको सहमति भएको चर्चा चलिरहँदा अमेरिकी सहयोग नियोग एमसीसीले नेपालसँगको सम्झौतामा कुनै संशोधन सम्भव नरहेको कुरा पुनः स्पष्ट पारेको छ । संसद्बाट अनुमोदन गर्नुअघि संशोधन गर्ने विकल्पमा सत्ता गठबन्धनभित्र बहस चलिरहेका बेला एमसीसी मुख्यालयको डिपार्टमेन्ट अफ कम्प्याक्ट अपरेसन्सकी उपाध्यक्ष फातिमा सुमारले सम्झौता संशोधन हुन नसक्ने कुरा स्पष्ट पारेकी हुन् ।

बरु सुमारले फागुन १६ सम्ममा एमसीसी अनुमोदन गरिसक्ने भनेर नेपालका प्रधानमन्त्री देउवा र सत्ता साझेदार माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले लिखित रूपमा नै एमसीसी अनुमोदन गर्ने प्रतिबद्धता जनाइसकेको खुलासा गरेकी छिन् ।

एमसीसी मुख्यालय वासिङ्टन डीसीबाट शुक्रबार एक नेपाली दैनिकसँग भर्चुअल संवाद गर्दै सुमारले भनेकि छन्, 'म स्मरण गराउन चाहन्छु कि एमसीसीलाई अन्तर्राष्ट्रिय सम्झौताका रूपमा मान्यता दिलाउन संसद्बाट पारित गराउनुपर्छ भन्ने निर्णय नेपालको कानुन मन्त्रालयले गरेको हो । सबै प्रावधानहरूमा सहमत भएर नै ४ वर्षअघि सेप्टेम्बर १४, २०१७ मा नेपाल सरकारले सम्झौतामा हस्ताक्षर गरेको हो । अहिले आएर कुनै पनि बुँदामा संशोधन गर्न सम्भव छैन । प्रधानमन्त्री (देउवा) र अध्यक्ष (दाहाल) ले सेप्टेम्बर २९ (असोज १३) मा पठाएको पत्रमा ५ महिनाभित्रमा सम्झौता अनुमोदन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँहरूको अनुरोधअनुसार ५ महिनाको समयावधि फेब्रुअरी २८ मा सकिन्छ । हामी उक्त दिनभित्र सम्झौता अनुमोदन भएको हेर्न चाहन्छौं ।'

नेताहरूको प्रतिबद्धताका लागि धन्यवाद दिँदै शुक्रबार (माघ २१ मा) एमसीसीले पत्र समेत *बाँकी ४ पेजमा*

## विप्लव र प्रचण्डका विद्यार्थी नेताहरु मोहन वैद्य नेतृत्वको पार्टी सम्बद्ध अखिल (क्रान्तिकारी)मा प्रवेश



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)मा नेत्रविक्रम चन्द 'विप्लव नेतृत्वको नेकपा र प्रचण्ड नेतृत्वको नेकपा माओवादी केन्द्रका दर्जन बढी विद्यार्थी नेता कार्यकर्ताहरूले पार्टी प्रवेश गरेका छन् ।

क्रान्तिकारी माओवादीको पार्टी कार्यालय ललितपुरको कुपोण्डोलमा भएको कार्यक्रममा विप्लव र प्रचण्डको पार्टीमा आवद्ध विद्यार्थी नेता कार्यकर्ताहरूले क्रान्तिकारी माओवादी सम्वद्ध अखिल क्रान्तिकारीमा पुनर्मिलन कार्यक्रम गरेर संगठनमा प्रवेश गरेका हुन् ।

उहाँहरूलाई क्रान्तिकारी माओवादीका स्थायी समिती सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले अविर र खादा ओढाएर पार्टीमा स्वागत गर्नुभएको थियो ।

अब एक पछि अर्को गर्दै क्रान्तिकारीहरू एक हुने बेला भएको र प्रचण्ड भन्दा पनि विप्लवले क्रान्तिकारी धारमा बढी विचलन ल्याउने काम गरेको नेता *बाँकी ६ पेजमा*

# २२ दलीय मोर्चाको तर्फबाट सीपी गजुरेलको आम देशभक्त समुदायलाई सहभागिताका लागि आव्हान



काठमाडौं । २२ दलीय मोर्चाले देशव्यापी राष्ट्रघाती एमसीसी सम्झौताको खारेजका लागि विरोध प्रदर्शन गर्दैआएको छ । अमेरिकी सरकारको दबावको अगाडि घुँडा टेकेर शेरबहादुर देउवा संसदमा जसरी पनि एम.सी.सी. प्रस्तुत गरी त्यसलाई पारित गराउने कसरतमा लागेको कुरा व्यापकरूपमा सार्वजनिक भएको छ । यसै सन्दर्भमा राष्ट्रघाती एमसीसी सम्झौताको खारेजका लागि हुने माघ २६ गतेको विरोध प्रदर्शनमा २२ दलीय मोर्चाको तर्फबाट सीपी गजुरेलले एक प्रेसविज्ञप्तिमार्फत सहभागी हुन आह्वान गर्नुभएको छ ।

*प्रेस विज्ञप्तिको पूर्ण पाठ पृष्ठ ४ मा*

## पेट्रोलियम पदार्थको मुल्यवृद्धिविरूद्ध क्रान्तिकारी माओवादी सम्बद्ध जनवर्गीय संगठन तथा मोर्चाद्वारा संयुक्त वक्तव्य जारी




काठमाडौ । २०७८ माघ १८ गते नेपाल आयल निगमले पेट्रोलियम पदार्थमा गरिएको पुनः मुल्यवृद्धिका विरुद्ध नेकपा क्रान्तिकारी माओवादी सम्बद्ध जनवर्गीय संगठन तथा मोर्चाले संयुक्त वक्तव्य जारी गरेका छन् ।

क्रान्तिकारी माओवादी सम्बद्ध अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ अध्यक्ष -ईश्वर तिमिल्सिना, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) अध्यक्ष-सिताराम तामाङ, अखिल नेपाल आदिवासी जनजाति महासंघ अध्यक्ष-प्रा.डा.ओम गुरुङ, नेपाल राष्ट्रिय प्राध्यापक संगठन अध्यक्ष-प्रा. डा.जगदीशचन्द्र भण्डारी, अखिल क्रान्तिकारी अध्यक्ष-हरिकृष्ण गजुरेल, अखिल नेपाल महिला संघ (क्रान्तिकारी)

*बाँकी ७ पेजमा*

## क्रान्तिकारी माओवादीद्वारा राष्ट्रघाती एमसीसी सम्झौता विरूद्ध देशव्यापी विरोध प्रदर्शनका क्रममा दाङ, कपिलवस्तु र चितवनमा विरोध प्रदर्शनहरु सफलतापूर्वक सम्पन्न




काठमाडौं । मोहन वैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले राष्ट्रघाती एमसीसी सम्झौता विरुद्ध विरोध प्रदर्शनको कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि सम्बन्धित पार्टी कमिटीका कमरेडहरूलाई निर्देशित गर्नुका साथै सबै जनवर्गीय सङ्गठन तथा मोर्चा सहित आम देशभक्त, प्रगतिशील, जनवादी तथा वामपन्थी मित्रहरू र शुभचिन्तकहरूलाई विशेष अनुरोध समेत गरेको थियो । सोही निर्णय अनुरूप माघ २१ गते नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला समितिहरूको आयोजनामा विभिन्न जिल्लाहरूले एमसीसी खारेजीका लागि विरोध प्रदर्शन सफलतापूर्वक सम्पन्न गरेको खवर प्राप्त भएको छ ।

***दाङमा विरोधसभा सम्पन्न***

नेपाल कम्युनिस्ट पार्टी ( क्रान्तिकारी माओवादी ) दाङले पार्टीको केन्द्रीय योजना अनुसार दाङको तुलसीपुर बसपार्कमा कोणसभा *बाँकी ७ पेजमा*

# क.मोहविक्रम सिंहको प्रतिगमनतर्फको यात्रा

*पाँच दलीय गठबन्धनमा भएको शक्ति के हो त ? त्यसको उत्तर दिँदै उहाँ भन्दछ–पाँच दलीय गठबन्धनले केपी ओलीको संसद विघटन गर्नेजस्तो प्रतिगमनकारी काममाथि रोक लगाउन सफल भयो । नेकपा(मसाल), राजमो जस्तो नेपालमा नयाँ जनवादी क्रान्तिको नारा दिने, मार्क्सवाद–लेनिनवाद–माओ विचारधारको मार्ग निर्देशनमा नेपालमा नयाँ जनवादी क्रान्ति, वैज्ञानिक समाजवाद हुँदै साम्यवादको लक्ष्य लिएको राजनीतिक दलले प्रथम नेपाली काँगेसको नेतृत्वको सरकार सञ्चालनमा गठित गठवन्धनमा रहन हुने कि नहुने ?*



● हुकुमबहादुर सिंह ●

नेकपा(मसाल)का महामन्त्री क. मोहविक्रम सिंहले उहाँको राजनीतिक मार्गमा अति घेरै बोकेर हिंडेको शब्द 'प्रतिगमन' हो । २०३५/०३६को आन्दोलनबाट प्राप्त जनमत संग्रहको समयमा होस, २०४६/०४७को आन्दोलन र त्यसले प्राप्त परिवर्तन, माओवादी जनयुद्धको विरोध र २०६२/०६३को आन्दोलन र त्यसपछिका हरेक स–साना आन्दोलन र अहिले पनि उहाँले अत्यधिक प्रयोग गर्ने शव्द भएको छ 'प्रतिगमन' । वारम्वार'प्रतिगमन' को विरोध गर्दागदै उहाँ कतै स्वयम् प्रतिगमनतर्फको यात्रामा लागेको त होइन ? शंका गर्नका लागि उहाँप्रति प्रशस्त सवालहरू उब्जेका छन् ।

लामोसमयसम्म केपी ओली–प्रचण्डको सरकारलाई किन टिकाइरहने भन्ने प्रश्नमा उहााको सरल उत्तर थियो वामपन्थीहरूको सरकारलाई हटाएर देशी विदेशी खासगरी भारतीय विस्तारा नेपालमा उसको पक्षको सरकार बनाउन चाहन्छ, जो खासमा प्रतिगमन हो, उक्त प्रतिगमनलाई रोक्न केपी ओली–प्रचण्डको सरकारलाई टिकाइरहनुको विकल्प छैन । अहिले शेरबहादूर देउवाको नेतृत्वको पाँच दलीय गठबन्धन सरकारलाई किन टिकाइरहने ? त्यसको उत्तर छ ओलीको 'प्रतिगमन' संशद विघटनगर्ने प्रतिगमन कार्यलाई रोकेर संशदलाई पुरा अविध चल्ने बनाउन ।

अहिलेको नेपाली कांग्रेसका अध्यक्ष शेरबहादुर देउवा सरकारलाई सहयोग गर्न गठित पाँच दलीय गठबन्धनलाई जे जसरी भएनि बचाउन पर्छ भन्नेमा उहाँले ठूलै कसरत गरेको पाइन्छ । त्यसको प्रशम्सा गर्र्दै उहाँ भन्नुहुन्छ कि पाँच दलीय गठबन्धनमा कति धेरै शक्ति छ व्यवहारले त्यो कुरा प्रस्ट गर्दै लगेको छ ।

पाँच दलीय गठबन्धनमा भएको शक्ति के हो त ? त्यसको उत्तर दिंदै उहाँ भन्दछ–पाँच दलीय गठबन्धनले केपी ओलीको संसद विघटन गर्नेजस्तो प्रतिगमनकारी काममाथि रोक लगाउन सफल *बाँकी ३ पेजमा*

## सम्पादकीय

### एमसीसीमा प्रचण्डको द्वैध-चरित्र

अमेरिकाले सुरुदेखि नै एमसीसी सम्झौतामा संशोधन सम्भव नरहेको स्पष्ट पारिरहँदा यहाँका केही संसदवादी राजनीतिक पार्टीहरु खासगरी तत्कालीन डबल नेकपा र हालको माओवादी केन्द्र तथा एसमाजवादी पार्टीका नेताहरुले एमसीसीको संशोधनको कुरा उठाइरहे । पटक पटक संशोधनको कुरा चलिरहँदा एमसीसीले भने संशोधन गर्न नसकिने विषय स्पष्ट पार्दै आएको छ । हालै पनि सत्तारुढ गठबन्धनभित्र संशोधन गरेर पास गर्ने विषयको अलि बढी नै हल्ला चलिरहँदा एमसीसी मुख्यालयको डिपार्टमेन्ट अफ कम्प्याक्ट अपरेसन्सकी उपाध्यक्ष फातिमा सुमारले सम्झौता संशोधन हुन नसक्ने कुरा स्पष्ट पारेकी छन् । बरु सुमारले फागुन १६ सम्ममा एमसीसी अनुमोदन गरिसक्ने भनेर नेपालका प्रधानमन्त्री देउवा र सत्ता साझेदार माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले लिखित रूपमा नै एमसीसी मुख्यालय समक्ष प्रतिबद्धता जनाइसकेको खुलासा गरेकी छिन् ।

एक नेपाली दैनिकसँग भर्चुअल संवाद गर्दै सुमारले स्पष्ट रूपमा भनेकी छन्, 'म स्मरण गराउन चाहन्छु कि एमसीसीलाई अन्तर्राष्ट्रिय सम्झौताका रूपमा मान्यता दिलाउन संसद्बाट पारित गराउनुपर्छ भन्ने निर्णय नेपालको कानुन मन्त्रालयले गरेको हो । सबै प्रावधानहरूमा सहमत भएर नै ४ वर्षअघि सेप्टेम्बर १४, २०१७ मा नेपाल सरकारले सम्झौतामा हस्ताक्षर गरेको हो । अहिले आएर कुनै पनि बुँदामा संशोधन गर्न सम्भव छैन । प्रधानमन्त्री (देउवा) र अध्यक्ष (दाहाल) ले सेप्टेम्बर २९ (असोज १३) मा पठाएको पत्रमा ५ महिनाभित्रमा सम्झौता अनुमोदन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँहरूको अनुरोधअनुसार ५ महिनाको समयावधि फेब्रुअरी २८ मा सकिन्छ । हामी उक्त दिनभित्र सम्झौता अनुमोदन भएको हेर्न चाहन्छौं ।'

उनले यो पनि खुलासा गरेकी छिन कि देउवा र प्रचण्डले पठाएको पत्रमा एमसीसी परियोजनाले नेपालका २ करोड ३० लाख अर्थात् करिब ८० प्रतिशत जनसंख्याको जीवनमा सकारात्मक प्रभाव पार्नेछ भन्ने जनचेतना विस्तार गर्ने योजना समेत प्रस्ताव गरेका थिए ।

देउवासँग मिलेर एमसीसी पास गर्ने प्रतिबद्धतासहितको पत्र लेख्ने प्रचण्ड पार्टीभित्र भने संशोधन नगरी एमसीसी पास गरिन्न भन्दै हिडेका छन् । यहाँसम्म कि हालै सम्पन्न महाधिवेशनबाट पनि विनासंशोधन एमसीसी पास नगर्ने लाइन पारित गरिएको छ । एमसीसी संशोधन हुन्न भनेर अमेरिकाले भनिरहँदा संशोधनको फलाको हालेर एमसीसीलाई गिजोल्ने काम भने प्रचण्डको द्वैध चरित्रले गरिरहेको छ । खासगरी झलनाथ खनाल नेतृत्वको अध्ययन टोलीले संशोधनविना एमसीसी पास गर्न हुन्न भन्ने निष्कर्ष निकालेपछि संशोधनको विषयले बढी चर्चा पाएको हो । एमसीसी मुख्यालय स्वमय्ले संशोधन हुन्न भनिरहँदा किन प्रचण्ड लगायतका केही नेताहरुले संशोधनको कुरा गरिरहेका छन् ? किन उनीहरुले सिधा भाषामा खारेजीको कुरा गर्न सकिरहेका छैनन् ? द्वैध चरित्र आफैमा अवसरवादी चरित्र हो । यो आफैमा छद्म राष्ट्रवाद हो । प्रचण्ड लगायतको यही चरित्रका कारण एमसीसी अहिले नेपालको लागि गलपासो बनेको छ । र, अमेरिका र चीन यही विषयमा नेपालमा टकराउन पुगेका छन् । उनीहरुका सामरिक स्वार्थ एमसीसीमा टकराउन थालेका छन् । अब एमसीसीलाई अमेरिका र चीनले समेत प्रतिष्ठाका विषय बनाउँदा नेपाल भने साँढेको जुधाई बाछाको मिचाइमा पर्ने जोखिम बढेर गएको छ ।

एमसीसी सम्झौता नेपालको हितमा छैन भनेर सम्झौताका बुँदा अक्षरशः केलाइसकेको अवस्थामा अब खारेजीको पक्षमा जोडदार रूपमा आवाज उठाउन जरुरी छ । प्रचण्ड, माधव नेपाल र उपेन्द्र यादवहरु साँच्चै राष्ट्रवादी हुन् वा राष्ट्रको हित चाहन्छन् भने उनीहरुले एमसीसी सम्झौता खारेजीको पक्षमा आफूलाई उभ्याउन जरुरी छ । अन्यथा उनीहरुको माछो देख्दा दुलोभित्र हात, सर्प देख्दा दुलो बाहिर हात भने झै घोर अवसरवादी चरित्र उदांगिने छ । साम्राज्यवादी अमेरिकाको दलाल बन्ने कि नेपाल र नेपाली जनताको मुक्ति र स्वतन्त्रताको पक्षमा उभिने ? जनताले देख्ने गरी फैसाला गर्ने स्थिति आइसकेको छ । परिस्थितिले बीचमा बस्ने छुट दिदैन । कित्ता स्पष्ट पार्नैपर्छ । अब प्रचण्डहरुलाई दुवै डुंगामा खुट्टा हाल्ने छुट एमसीसीले दिनेवाला छैन ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौँ।

www.moolbato.com


# एमसीसी सम्झौता र राष्ट्रिय स्वाधिनताको प्रश्न-३



● खगेन्द्र छन्त्याल ●

*विद्युत र सडक नै किन ?*

कतिपय मान्छेको तर्क के छ भने नेपालमा अत्यधिक गरिवीको समस्या हुनुको मुख्य कारण हुन् अप्रयाप्त बिधुत र सडक ! यहि कारणले नै एमसीसीले नेपालको बिधुत प्रशारण लाईन बिस्तार र सडक बिस्तारमा सहयोग गर्न लागेको हो ! नेपालमा गरिवीको समस्या हुनुका बिबिध कारणहरू मध्य त्यो पनि एउटा कारण अवस्य हो ! तर त्यहि कारणले नै एमसीसीले नेपालका बिधुत र सडक बिस्तार सम्बन्धि कार्यक्रम ल्यायको भन्ने कुरामा कुनै दम छैन ! बरु एमसीसीले किन बिधुत र सडक नै रोज्यो ? लगानी गर्नका निम्ति स्वास्थ्य ,शिक्षा, पर्यटन,उधोग,श्रम,संचार,शिंचाई लगायत कैयौ बिषय हुदा हुदै एमसीसीको ध्यान बिधुत र सडक मै किन गयो ? यो चासोको बिषय हो !

विज्ञहरू भन्छन : "हाल नेपालमा बिधुत ट्रान्समिशन लाईनको क्षमता १३२ केभी को छ र याहा लगभग बिधुत उत्पादन मोटामोटी १२०० मेगावाट हुन्छ । ४ हजार मेगावाट बिधुत उत्पादन भएमा एमसीसीले बनाउने भनिएको ४०० केभी क्षमताको ट्रान्समिशन लाईनमा पास गर्न ठिक्क हुन्छ ! हाल नेपालमा उत्पादित १२०० मेगावाट बिधुत नेपालको निम्ति प्रयाप्त छैन त्यसैले भारत वाट बिधुत खरिद गरिन्छ ! तत्काल प्रयाप्त बिधुतको निम्ति नेपाललाई थप १००० मेगावाट भए पुग्छ ! नेपाललाई पूर्णरूपले बिधुतियकरण गर्ने हो भने दश हजार मेगावाट बिधुत चाहिन्छ ! जवकि नेपालमा दश हजार मेगावाट बिधुत उत्पादित हुन करिव पचास वर्षको समय लाग्छ ! " अव हामि बुझौ हामीले आफै प्रयाप्त प्रयोग गर्ने बिधुत उत्पादन हुनका निम्ति पचास बर्ष कुर्नु पर्ने हुन्छ भने बिक्रि गर्ने बिधुत कहिले उत्पादन हुने ? किनकि कुनैपनि चिज बिक्रि गर्ने भनेको आफुलाई बढी भएर नै त हो ! त्यसकारण तत्काल आवस्यकताको दृस्टी वाट हेर्दा नेपाललाई ४०० केभी क्षमताको ट्रान्समिशन लाईन आवस्यक छैन ! साच्चिनै बिधुत बिक्रि नै गर्ने हो भने त्यसले पुग्दैन ! त्यो भन्दा बढी क्षमताको अर्थात दश हजार केभी भन्दा बढी क्षमताको चाहिन्छ ! र समयको दृस्टीले हेर्दा पचास बर्ष अघि त्यो सम्भव देखिदैन !

अर्को कुरा केरुङ देखि काठमाडौं हुँदै पोखरा देखि लुम्बिनीसम्मको चीनले बनाउने भनेको रेल मार्गको रुट र काठमाडौंको लप्सिफेदीबाट रातामाटेसम्म, रातामाटे देखि हेटौंडा र दमौली हुँदै बुटवलसम्मको एमसीसीले बनाउने भनेको बिधुत ट्रान्समिशन लाईनको रुट एउटै प-यो ! अब प्रश्न उठ्छ चीन द्वारा पुर्व घोषित रेल मार्गलाई नै एमसीसीले आफ्नो बिधुत ट्राशमिशन लाईनको रुट किन बनायो ? त्यस्तै पुर्व,मध्य र मध्य पश्चिमका सडक मर्मत र बिस्तार गर्ने योजना अन्तर्गत मेची देखि गण्डकी सम्मका मुख्य सडकहरू एमसीसीका कार्यक्षेत्र भित्र परेकाछन ! यस भित्र एकातिर भारत र अर्को तिर तिब्बतको प्रवेश द्वार पर्दछन ! यी दुई परियोजना अन्तर्गत ८५६ बिधुत प्रसारण टावर ,३१२ किलो मिटर प्रशारण लाईन र कुल ९९ कि मि सडक ४६ मिटर चौडा राईट अफ वे निर्माण हुनेछन ! त्यसको निम्ति ३० वटा नगर/ गाऊ पालिका , त्यस अन्तर्गतका ५१ वटा भौतिक संरचना र ७ वटा नदि प्रभावित हुनेछन ! ध्यानदिनुपर्ने कुरा के छ भने सम्झौताको धारा ८ को दफा ८.१ अनुसार परियोजना लागु भएका स्थानको जल,जमिन ,जंगल जे जे पर्छन ति सबै नेपालको सम्बन्धित मन्त्रालयले एमसीसीको नाममा पास गरिदिनुपर्ने मात्र होईन धारा ७ को दफा ७.१ ले ति क्षेत्रहरूमा अमेरीकी कानून लागु हुने कुरा पनि निश्चित गरिएको छ । यी तथ्यहरूले के कुरा प्रस्ट गर्दछन भने चीनको बिरुद्ध अमेरिकाले सामरिक युद्धको तयारि गर्दैछ ! यसको निम्ति अमेरिकाले नेपालको सडक र बिधुत प्रयोग गर्न चाहन्छ जो हाल त्यसप्रकारको युद्धको निम्ति प्रयोग योग्य छैनन ! एमसीसीले नेपालमा बिधुत र सडक नै रोज्नु पछाडीको राग यहि हो !

*संसद वाट पारित गर्नु नै किन प-यो ?*

आज सम्म नेपालले अन्य रास्ट्रहरू तथा संस्थाहरू जस्तै विश्व बैंक ,एशियाली विकास बैंक, जापानको जाईका,बेलायतको डीएफआईडी र अमेरिकाकै यूएसएड आदि संग आर्थिक कार्यक्रम सम्बन्धि कैयौ सम्झौताहरू गरेको छ ! ति मध्य कुनैपनि संसद वाट पारित गरियका छैनन किनकी सवैलाई त्यसको आवस्यक थिएन ! तर एमसीसी सम्झौता नेपालको संसद वाट पारित गरिनुपर्दछ भन्ने स्वयं एमसीसी को शर्त भएको कारण त्यसको निम्ति प्रयत्न गरिदैछ ! त्यसो त एमसीसी सम्झौता संसद वाट पारित गरिनुपर्दछ भन्ने भएता पनि यसका कैयौ (कार्यालय खोल्ने, कर्मचारी राख्ने, जग्गा अधिग्रहण गर्ने आदि,ईत्यादि ) कामहरू यो सम्झौता संसद वाट पारित हुनु अघि नै भै सकेका देखिन्छन ! जानाकारहरूका अनुसार नेपालले एमसीसीमा खर्च गर्ने भनेको लगभग १३ करोड अमेरिकी डलर तृ यस अघि नै खर्च भैसक्यो ! तथापि एमसीसीले आफु बलियो हुनको निम्ति भरपर्दो आधार निर्माण गर्न संसदको अनुमोदन माग गरेकोछ ! संसद वाट पारित गरेको कुनैपनि महत्वपूर्ण प्रस्ताव सम्बन्धित देशको ऐन सरह हुने र त्यसलाई हत्तपत्त छुन नपाईने हुन्छ ! निशन्देह यहि कारणले नै एमसीसीले सो सम्झौता संसद वाट पारित गरिनुपर्ने शर्त राखेको हो ! नेपालको संविधान धारा २७९ मा 'शान्ति र मैत्री सन्धि' तथा 'प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड'को विषय संसदको दुईतिहाई बहुमतले पारित गर्नु पर्ने भन्ने प्रावधान हुदाहुदै सरकारले बदनियतपूर्ण ढंगले एमसीसी सम्झौतालाई संसदको सामान्य बहुमतले पारित गर्ने ब्यबस्था गरेकोछ ! यो खेद जनक कार्य तृ हो नै साथै संसद्वादको उपहास पनि !

*एमसीसीको नेपाल मक्सद*

संसारका अधिकांस मुलुकमा अमेरिकाको एमसीसी मक्सद चीनको आर्थिक कार्यक्रममा भाजो हाल्ने र सधै आफ्नै दवदवा कायम राखिरहने देखिन्छ ! तर नेपालको सन्दर्भ केहि फरक छ ! चीन संग सिमाना जोडियको र सामरीक दृस्टीकोणले उपयोगी मुलुक भएको कारण अमेरिकाको ईन्डो प्यासिफिक रणनीति अन्तर्गत नेपाललाई उपयोग गरेर चीनलाई फौजी ढंगले सिध्याउनु एमसीसीको एउटा नेपाल मक्सद हो !

वि.सं. २०७४ साल बैशाख २९ गते चिनियाँ परियोजना बिआरआईमा नेपालले हस्ताक्षर गरेपश्चात त्यसको ठिक ४ महिना पछि २०७४ साल भदौ २९ गते नेपाललाई एमसीसीमा हस्ताक्षर गराउनु, अस्वभाविक ४०० केभी को बिद्युत प्रसारण ट्राशमिशन लाईन स्थापनाको योजना निर्माण गर्नु,चीनले तयार गरेको रेल लाईनको रुट मै बिधुत ट्रासमिशन प्रशारण लाईनको रुट तय गरिनु, ति ठाउ जो एमसीसीको बिधुत प्रशारण रुट मात्र होईन चीनको रेलको रुट पनि हो को स्वामित्यो अमेरिकाको नाममा पास गरिदिनुपर्ने शर्त राखिनु , ति ठाउमा नेपालको प्रचलित कानुन लागु नहुने अमेरिकी कानुन लागुहुने शर्त राखिनु, अस्वभाविक ४६ मिटर चौडा सडक निर्माणको योजना तय गर्नु ,सामरिक ढंगले उपयुक्त ठाउ हेरेर सडक मर्मत र बिस्तारको योजना बनाउनु , ति ठाउका पनि कानुनीरूपले नै स्वामित्व एमसीसी अमेरिका को नाममा पास खोज्नु, ति ठाउमा नेपालको प्रचलित कानुन लागु नहुने अमेरिकी कानुन लागुहुने शर्त राखिनु, निर्माण सामग्रीको नाममा अमेरिकाले नेपालमा जे (युद्ध सामग्री) ल्याय पनि सोध्न बुझ्न नपाउने शर्त राखिनु , नेपाल सरकारले परियोजनाको वारेमा जानाकारी लिनको निम्ति लिखित अनुमति लिनुपर्ने ब्यबस्था गरिनु ,कर्मचारी या कामदार सवै एमसीसीले मात्र राख्ने नाममा कर्मचारी र कामदारको बहानामा अघोसित रूपमा सवै अमेरिकी सेना ??? राख्न पनि सकिने प्रावधान राखिनु , निर्माण सामाग्री र संरचना सुरक्षाको बहानामा अमेरिकी सेना घोषितरूपमा राख्न सकिने शर्त सहित कैयौ सामरिक र रणनैतिक प्रकारको शर्तहरू राखिनु नै नेपालमा स्थाई सैन्य क्याम्प खडा गर्ने र चीनलाई घेरा हालेर सिध्याउने एमसीसीको नेपाल मक्सदका प्रमाण हुन् !

त्यस्तै नेपालका अथाह प्राकृतिक श्रोत साधन माथि कब्जा जमाउनु एमसीसीको अर्को नेपाल मक्सद हो ! नेपाल सरकारले पठाएको पत्रको जवाफ दिने क्रममा एमसीसीले लेखेको पत्रको बुँदा न ११ (ञ) मा स्पस्ट लेखिएकोछ 'अनुदानको प्रभावकारिता, लेखापरीक्षण, र उदेश्य प्राप्तिको मुल्याङ्कन जस्ता क्षेत्रसँग सम्बन्धित केही व्यवस्थाहरू पाँच वर्षको कम्प्याक्टको अवधिपछि पनि कायम रहन्छन् ।' यसरी सम्झौतामा ५ बर्षमा परियोजना सक्ने भनेतापनि एमसीसीले कहिले नेपाल छोड्ने भन्नेकुरा नियतबश खुलाईयको छैन ! निर्मित परियोजनाको संरक्षण, रेखदेख र सुरक्षाको नाममा या अन्य बिबिध बहानामा जति बर्ष पनि नेपालमा एमसीसी बस्न सक्ने स्थिति कायम गरियकोछ ! ५० बर्ष पछि मात्र उत्पादन हुनसक्ने बिधुत ट्रासमिशन प्रशारण लाईन निर्माणको योजना हेर्दा एमसीसी कमसेकम १०० बर्ष बस्ने उद्देश्यले नेपाल छिरेको देखिन्छ ! यो अवधिमा नेपालका प्राकृतिक स्रोत साधनहरू माथि कब्जा जमायर युरेनियम ,सुन र अन्य महत्वपूर्ण जडीबुटि जस्ता बहुमुल्य प्राकृतिक सम्पतिहरू अमेरिका पुगिसकेका हुनेछन !

लोकपाटी न्युजमा दिनेश लिम्बु लेख्नु हुन्छ "एमसीसीको प्रस्तावनामा 'सम्झौता अन्तर्गत एमसीसीको सहायताले नेपालको सुशासन, आर्थिक स्वतन्त्रता तथा जनतामा गरिने लगानी सुदृढ गर्ने प्रतिवद्वता गरिएको छ । यो भनेको नेपालको समाजवाद,जनवादका आर्थिक आधारहरू जलविद्युत, जलस्रोत, जंगल, जमिन र सडकहरू राज्यबाट खोसेर दलाल पुँजीपति तथा बहुर्राष्ट्रिय निगमहरूको हातमा दिने र उनीहरूमार्फत् हाम्रो युरेनियम उर्जा, कच्चा पदार्थ, भौतिक तथा बौद्धिक सम्पत्तिहरू अमेरिकामा सञ्चय गर्ने भू-अर्थराजनीति र सैन्य रणनीति हो एमसीसी । पुँजीवादी देश र उनीहरूले कब्जा गरेका खाडी देशहरूको अबको सय वर्षभित्रमा सम्पूर्ण प्राकृतिक स्रोत साधन सकिन्छा त्यसकारण अब हिन्द महासागर र प्रशान्त महासागर क्षेत्रका अथाह प्राकृतिक स्रोत साधनहरू खोसेर साम्राज्यवादीहरू हजार वर्षसम्म बाँच्न चाहन्छन्। यही हो एमसीसी अर्थात् मिलेनियम च्यालेञ्ज कर्पोरेशनाँ

नेपालका कैयौ नदि नाला ,बहुमुल्य धातु , जडिबुटीहरूमा अमेरिकाको ध्यान बिगत देखि गएकै थियो तर पछिल्लो समय मुस्ताङ्मा भेटियको बहुमुल्य युरेनियमको भण्डारले उसलाई लोभ्याएको देखिन्छ ! ईन्डो प्यासिफिक सेना र नेपाली सेना विचको संयुक्त सैन्य अभ्यासको नाममा नेपाललाई ईन्डो प्यासिफिक रणनीतिमा सामेल गर्ने वित्तिकै अमेरिकाले यसवारे सुष्म अध्यन गरिसकेकोछ ! *क्रमश :*

# संघीयताबारे केही भ्रमहरूको खण्डन

## *नेता व्यवस्थापनको लागि होइन सन्तुलित विकास र समान अधिकारको लागि हो संघीयता*

❑ **श्रीकृष्ण सुलु**

एकात्मक व्यवस्थामा अधिकार केन्द्रकृत हुन्छ । साना तिना काम गर्न गराउन पनि केन्द्रको मुख ताक्नु पर्ने वाध्यता हुन्छ । एक जना पियन सरुवा वढुवा गर्न पनि केन्द्र धाउनु पर्ने हुन्छ ।। यसैले एकात्मक व्यवस्थामा अनावश्यक खर्च वढ्ने, झन्झट थपिने र विकास निर्माण अत्यन्तै ढिलो हुने समस्या रहन्छ ।

यस व्यवस्थामा स्थानीय तहलाई ऐन कानुन वनाउने अधिकार दिइएको हुँदैन । र त, स्थानीय तह र जनता अधिकार विहीन जस्तै हुन पुग्छन् । एकात्मक व्यवस्थामा प्रदेश सरकार हुँदैन । त्यसैले प्रदेश स्तरको नीति निर्माण र विकास निर्माण गर्ने संयत्र हुँदैन । यसले प्रदेशमा भाषा, संस्कृतिको संरक्षण, विकास निर्माण र नीति निर्माणको कामको लागि संयन्त्रको अभाव खड्किन्छ ।

वहुजातीय, वहुभाषिक, वहुसाँस्कृतिक देशमा एकात्मक व्यवस्थाको एक भाषा एक भेष नीतले एउटा भाषा-संस्कृति शासक र वांकी सवै भाषा-संस्कृति शासित वा शोषित हुन पुग्छन् । शासित भाषा, साँस्कृतिक उत्पीडनमा पर्छन् र ती भाषा संस्कृति लोप हुने खतरा वढ्छ । नेपालमै पनि विगत लगभग २५२ वर्षको एकात्मक व्यवस्थाले गर्दा कति आदिवासी जनजातिका भाषा लोप भइसकेका छन् भने कति लोप हुने अवस्थामा पुगेका छन् ।

एकात्मक व्यवस्थामा देशको सन्तुलित विकास पनि हुँदैन । राजधानी या केन्द्रमा सुविधा केन्दृत हुने, अव्यवस्थित वस्ती वढ्ने र दुर्गम गाउँमा विकास नहुने, उपेक्षित हुने समस्या रहन्छ । काठमाडौंमा अव्यवस्थित वस्ती विस्तार र कर्णाली लागायतका ठाउँमा सडक संजाल सम्म नपुग्नु यसैको परिणाम हो ।

सारमा भन्दा, नेपाल जस्तो वहु जाति, वहु भाषा, वहु संस्कृति र भौगोलिक विविधता भएको देशमा अधिकार विकेन्दृकरण, सन्तुलित र शीघ्र विकास, भाषा, भूमि, संस्कृतिको संरक्षण र सवै समुदायलाई समान अधिकार र अवसरको लागि संघीयताको अवधारणा विकास भएको हो ।

संघीयतावारे यति स्पष्ट आधार र अवधारणा हुँदाहुँदै पनि संघीयता विरोधीहरूले भने यस वारेमा धेरै भ्रम फैलाएका छन् । सानो देशमा संघीयता चाहिंदैन, पाँच विकास क्षेत्र नै ठीक थियो, संघीयताले देश टुक्रिन्छ, जातीय राज्य चाहिदैन, चीन-जापानमा संघीयता छैन, विश्वमा संघीयता भएका देश धेरै कम छन्, संघीयताले खर्च वढ्छ आदी झुठ र भ्रमको धुँवादार प्रचारले धेरै मानिस दिग्भ्रमित समेत भएका छन् । स्वार्थी नेताहरूले पनि संघीयतालाई नेतालाई जागिर खुवाउने ठाउँ वा नेता व्यवस्थापन जस्तो मात्र अर्थ्याएको र अभ्यास गरेकोले धेरै भ्रम फैलिएको हो । त्यसैले यहाँ संघीयतावारे केहि प्रस्ट पार्न खोजिएको छ ।

सत्ताको तल्लो संरचनाको राज्य पुनर्संरचना हो संघीयता

सत्ताको दुई संरचना हुन्छ, तल्लो र माथिल्लो संरचना । संघीयता सत्ताको तल्लो संरचनाको राज्य पुनर्संरचना हो । तल्लो संरचना भन्नाले स्थानीय सत्ता हो, जसमा भाषा, कला, संस्कृति, धर्म, आदी पर्छ । माथिल्लो संरचना भन्नाले सेना, पुलिस, न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका पर्छ । तल्लो संरचनाले माथिल्लो संरचनाको सेवा गर्छ ।

जस्तै, हिन्दू राज्य भएमा राजा अनिवार्य चाहिन्छ । हिन्दू धर्म अनुसार देश राजाले चलाउँछ र राजालाई विष्णुको अवतार मानिन्छ । विष्णुको अवतार माने पछि विरोध पनि गर्न पाइएन । त्यसैले हिन्दू राज्य माग्नुको घुमाउरो अर्थ सामन्ती तानाशाही राजतन्त्रको वकालत गर्नु हुन्छ । तल हिन्दू राज्य माग्नुको अर्थ माथि राजा चाहियो भन्ने अर्थ लाग्छ । धेरै मानिसहरू यो घुमाउरो राजनीति वुझ्दैनन् ।

त्यस्तै, सक्कली संघीयता आयो भने आदिवासी जनजातिले अधिकार पाउँछन् । आदिवासी जनजातिको भाषा संस्कृतिले पनि अधिकार र अवसर पाउँछन् । सवै भाषा, संस्कृति, जातिले समान अवसर पाए पछि व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकामा सवैले समान पहुँच र प्रतिनिधित्व पाउँछन् । समाज जस्तो छ, राज्य पनि त्यस्तै हुन्छ । तर सदियौं देखि शासक भाषा, जाति, संस्कृतिको आधारमा सत्तामा हालिमुहाली गरिरहेकाहरूलाई यो मन पर्दैन र त विरोध गर्छन् । सवै भाषा, जाति, संस्कृतिलाई अधिकार दिइएपछि उत्पीडित समुदायले सत्तामा पहिचान, पहुँच र प्रतिनिधित्व पाउँछन् । यो भनेको सत्ताको तल्लो र अन्ततः माथिल्लो संरचनाको पनि पुनर्संरचना हो ।

नेपालमा संघीयता किन ?

नेपालको सामन्तवाद युरोपको जस्तो परम्परागत सामन्तवाद होइन । नेपालको सामन्तवाद वर्गीय शोषणको साथसाथै भाषिक - जातीय - सँस्कृतिक र धर्मको नाममा हुने शोषण समेत जोडिएको सामन्तवाद हो ।

नेपाल वहुभाषिक वहुजातीय, वहुसांस्कृतिक देश भए पनि *बाँकी ७ पेजमा*

# वैज्ञानिक समाजवाद र सामन्ती तथा बुर्जुवा समाजवादबारे



● हस्तबहादुर केसी ●

कम्युनिस्ट आवरण भित्रका नेपालका नामधारी कम्युनिस्ट पर्टीहरू मूलतः नेपाल कम्युनिस्ट पार्टी ( एमाले ) , नेपाल कम्युनिस्ट पार्टी ( माओवादी केन्द्र ) , नेपाल कम्युनिस्ट पार्टी ( एकीकृत समाजवादी ) लगायतका दक्षिणपन्थी संशोधनवादी , उत्तर मार्क्सवादी एवम् नव मार्क्सवादी पार्टी र व्यक्तिहरूले नेपालमा सामन्ती राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना भइसके पनि नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न भइसक्यो , पुँजीवादी क्रान्ति सम्पन्न भइसक्यो । अब नेपालमा समाजवादी क्रान्ति गर्ने अवस्थामा नेपाल पुगेको छ भनेर मिलेराँवादलाई नेपाली धर्तीमा ठूलो स्वरले उराल्दै आएका छन् ।

यस परिस्थितिमा आज नेपालमा समाजवाद कति प्रकारका छन् ? समाजवादको स्थापना कसरी गरिन्छ ? वैज्ञानिक समाजवाद भनेको के हो ? यसलाई कसरी प्राप्त गर्न सकिन्छ ? के कम्युनिस्ट आवरण भित्रका कम्युनिस्ट नामधारीहरूले भने झै गरि यसै संसदीय व्यवस्थाबाट शान्तिपूर्ण ढंगले समाजवाद प्राप्त हुन्छ ? आदि विषयमा आज व्यापक रूपमा बहस र छलफल भइरहेको छ ।

वास्तविकता के हो त ? यस लेखमा यिनै विषयहरूको सेरोफेरोमा रहेर लेख्ने कोसिस गरिनेछ ।

कार्ल मार्क्स ( सन १८१८ - १८८३ ) र फ्रेडरिक एंगेल्स ( सन १८२० - १८९५ ) द्वारा सन १८४८ फेब्रुअरी २१ का दि जारी गरिएको विश्वविख्यात ँ कम्युनिस्ट घोषणापत्र ँ मा सामन्ती समाजवाद , प्रतिक्रियावादी समाजवाद , बुर्जुवा समाजवाद र वैज्ञानिक समाजवाद गरि चार प्रकारका समाजवादका बारेमा स्पष्ट व्याख्या गरिएको छ । आम जनताको लागि वैज्ञानिक समाजवाद मात्र सच्चा समाजवाद हो जुन समाजवादमाथि टेकेर वर्गविहिन , राज्यविहिन वैज्ञानिक समाजवादसम्म पुग्न सकिन्छ भनेर मार्क्स र एंगेल्सले स्पष्ट व्याख्या गर्नु भएको छ ।

एंगेल्सले साम्यवाद के हो ? भन्ने विषयमा २५ वटा प्रश्नको उत्तर दिनु भएको छ । साम्यवाद के हो ? ( प्रश्नोत्तर ) नामक अक्षलोक प्रकाशनले २०५४ सालमा प्रकाशित गरिएको उक्त पुस्तकको पेज नम्बर ३ देखि २८ पेज भित्र एंगेल्सले २५ वटा प्रश्नहरूको सटिक र वैज्ञानिक ढंगले उत्त दिनुभएको छ । हो , त्यही साम्यवादसम्म पुग्नका लागि समाजविकासका क्रममा सर्वहारा वर्गले पहिलो खण्डमा वैज्ञानिक समाजवादको स्थापना गर्न अनिवार्य हुन्छ ।

यस छोटो लेखमा माथि उल्लेख गरिएका सामन्ती समाजवाद , प्रतिक्रियावादी समाजवाद , बुर्जुवा समाजवाद र वैज्ञानिक समाजवाद बाहेक अन्य तीनवटा समाजवादका विषयमा बिस्तृत रूपमा व्याख्या गरिने छैन । यहाँ संक्षिप्तमा गरिनेछ । र , उनीहरूका बारेमा अर्कै लेखमा या ठाउँमा छलफल गर्नेछौं । यहाँ आज यस लेखमा वैज्ञानिक समाजवादकाबारेमा लेख्ने कोसिस गरिनेछ ।

***(१) के हो वैज्ञानिक समाजवाद ?***

मार्क्सवाद - लेनिनवाद - माओवादका तीन संघटक अंग दर्शन (द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद ) , राजनीतिक अर्थशास्त्र (मार्क्सवादीय अर्थशास्त्र) र वैज्ञानिक समाजवाद मध्ये यो वैज्ञानिक समाजवाद एक हो ।

महान् रुसी अक्टोबर समाजवादी क्रान्ति , विश्व वैज्ञानिक समाजवादी शिविर र महान् चिनिया सर्वहारा साँस्कृतिक क्रान्तिले अनुशरण गरेको यो राजनीतिक व्यवस्था सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्ति जारी राख्दै वर्गविहिन , राज्यविहिन वैज्ञानिक साम्यवादी ( साम्यवादमा न वर्गहरू हुन्छन् , न वर्गसंघर्षहरू हुन्छन् , न राज्य हुन्छ , न कुनै शोषण , दमन र उत्पीडन हुन्छ , न सेना हुन्छ , न सैनिक र हातहतियारको आवश्यकता पर्छ , न त्यहाँ जेलहरू नै हुन्छ समाजको स्थापना गर्ने व्यवस्थाको नाम नै। वैज्ञानिक समाजवाद हो ।

संसारभरका मार्क्सवादी - लेनिनवादी - माओवादी क्रान्तिकारीहरूले यही वैज्ञानिक समाजवादको स्थापनाको लागि जीवनमरणको संघर्ष गर्दै आइरहेका छन् । र , वैज्ञानिक समाजवादमा सर्वहारा वर्गको अधिनायकत्व कायम भएको हुन्छ । सर्वहारा वर्ग सत्ताधारी वर्ग हुन्छ भने पुँजीपति वर्ग प्रतिपक्ष वर्गमा झरेको अवस्थामा हुन्छ ।

***(२) वैज्ञानिक समाजवाद कसरी स्थापना गर्न सकिन्छ ?***

वैज्ञानिक समाजवाद भीषण वर्गसंघर्षको माध्यमबाट स्थापना गर्न सकिन्छ । सन १९१७ रुसमा भीषण वर्गसंघर्ष ( आम सशस्त्र जनविद्रोह ) को माध्यमबाट महान् रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न गरेर विश्व मै पहिलोपटक रुसमा वैज्ञानिक समाजवादको स्थापना गरिएको थियो र पहिलोपटक सर्वहारा वर्गले पहिलोपटक सत्तामा पुग्न सफल भएको थियो ।

त्यस्तै सन १९४९ अक्टोबर १ मा महान् चिनिया नयाँ जनवादी क्रान्ति सम्पन्न गरे पश्चात् वैज्ञानिक समाजवादमा संक्रमण गराइएको थियो । त्यस्तै काका हो चि मिन्हको नेतृत्वमा भियतनाम पनि वैज्ञानिक समाजवाद स्थापना गरिएको थियो ।

वैज्ञानिक समाजवादको स्थापनाका लागि दुईवटा बाटाहरू छन् । पहिलो क्रान्तिको बाटो हो - पुँजीवादी क्रान्ति सम्पन्न भइसकेका पुँजीवादी वा साम्राज्यवादमा पतन भइसकेका कुनै पनि मुलुकमा भीषण वर्गसंघर्ष , सशस्त्र संघर्ष तथा सशस्त्र जनविद्रोहको माध्यमबाट क्रान्ति सम्पन्न गरे पछि वैज्ञानिक समाजवादको स्थापना गर्न सकिन्छ ।

दोस्रो बाटो हो - पुँजीवादी क्रान्ति नभइसकेका र अर्ध सामन्ती तथा नवउपनिवेशिक अवस्थामा रहेका देशहरूमा कम्युनिस्ट पार्टीको नेतृत्वमा मजदुर - किसान एकताका आधारमा गरिने नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर जनताको जनवादी अधिनायकत्व स्थापना गरे पश्चात् वैज्ञानिक समाजवादमा संक्रमण गर्ने मालेमावादी सिध्दान्त र पध्दतिका आधारमा वैज्ञानिक समाजवादको स्थापना गरिन्छ ।

नेपाल आज पनि अर्धसामन्ति र नवउपनिवेशिक अवस्थामै छ । यहाँ पनि क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा मजदुर - किसान एकताका आधारमा गरिने नयाँ जनवादी ( भीषण वर्गसंघर्षका माध्यमबाट ) क्रान्ति सम्पन्न गरेर जनताको जनवादी अधिनायकत्व स्थापना पश्चात् वैज्ञानिक समाजवादमा संक्रमण गर्ने परिस्थिति निर्माण हुनेछ । नेपाल अहिलेसम्म पनि नयाँ जनवादी क्रान्ति कै चरणबाट गुज्रिरहेको छ ।

***(३) के हो सामन्ती तथा प्रतिक्रियावादी समाजवाद ?***

नेपालका नेपाल कम्युनिस्ट पार्टी ( एमाले ) , नेपाल कम्युनिस्ट पार्टी ( माओवादी केन्द्र ) , नेपाल कम्युनिस्ट पार्टी ( एकीकृत समाजवादी ) लगायतका कम्युनिस्ट आवरण भित्रका नामधारी कम्युनिस्टहरूले भन्ने गरेको समाजवाद भनेको सामन्ती तथा प्रतिक्रियावादी समाजवाद हो । उनीहरूले उही संसदीय व्यवस्था भित्रबाट शान्तिपूर्ण ढंगले समाजवादको स्थापना गर्ने हो भनिरहेका छन् ।

उनीहरूले नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न भइसक्यो , पुँजीवादी क्रान्ति सम्पन्न भइसक्यो , अब संसदबाटै शान्तिपूर्ण ढंगले नेपालमा समाजवादको स्थापना गर्ने हो भनिरहेका छन् ।

उनीहरूको यो बकवास वैज्ञानिक समाजवादलाई पन्छाउने उद्श्येले गरिएको षड्यन्त्रपूर्ण चालबाजी मात्रै हो ।

यो उनीहरूको मिलेराँवादी दृष्टिकोण हो । सन १९०१ तिर फ्रान्सका समाजवादी नेता मिलेराँले संसदबाट समाजवाद निर्माण गर्ने संशोधनवादी विचार अगाडि सारेका थिए । पछि फ्रान्सको प्रतिक्रियावादी सरकारको राष्ट्रपतिसम्म भएर सिध्दिएका थिए ।

पछि दोस्रो अन्तर्राष्ट्रियका नेता कार्ल काउत्स्कीले पनि संसदबाटै जनवाद लागु गर्ने विचार अगाडि सारेका थिए । लेनिनले त पछि गध्दार काउत्स्की र समाजवाद नामक पुस्तक समेत लेख्नुभएको थियो । सन १९५६ मा रुसमा आयोजना गरिएको रुसी कम्युनिस्ट पार्टी ( बोलेसेविक ) को महाधिवेशनमा निकिता ख्रुश्चोवले वर्गसंघर्षलाई परित्याग गरेर वर्गसमन्वय र शान्तिपूर्ण संक्रमणको सिध्दान्त पारित गराए र रुसी मोडेलको समाजवादमा प्रतिक्रान्ति ल्याए ।

त्यसो भएर नेपालका कम्युनिस्ट आवरणका कम्युनिस्ट नामधारीहरू पनि मिलेराँ , काउत्स्की र ख्रुश्चोवका असली चेला हुन् । उनीहरूले निर्माण गर्ने भनेको समाजवाद उहीँ मार्क्स - एंगेल्सले भन्नुभएको सामन्ती तथा प्रतिक्रियावादी समाजवाद हो । जनतालाई भ्रममा अल्झाई राख्नका लागि दलाल पुँजीवादमा पतन भइसकेका एमाले , माके लगायतका घोर दक्षिणपन्थीहरूले समाजवाद निर्माणका हल्लाह मच्चाउने गरेका जनताले सचेतनताका साथ बुझ्न जरुरी छ ।

अन्तिममा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले निर्माण गर्ने भनेको वैज्ञानिक समाजवाद हो र यसले वर्गविहिन , राज्यविहिन संसारमै नौलो साम्यवादी संसार निर्माण गर्ने सपना साकार पार्ने वैज्ञानिक व्यवस्था हो । र , यसलाई मालेमावमदको आलोकमा हेर्ने बुझ्ने , व्याख्या , विश्लेषण र संश्लेषण गर्नुका साथै व्यवहारमा लागु गर्नु क्रान्तिकारी कम्युनिस्टहरूको प्रमुख कर्तव्य र ऐतिहासिक कार्यभार हो ।

***(केसी अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष हुन् ।)***

## क.मोहनविक्रम...

भयो । नेकपा(मसाल), राजमो जस्तो नेपालमा नयाँ जनवादी क्रान्तिको नारा दिने, मार्क्सवाद–लेनिनवाद–माओ विचारधारको मार्ग निर्देशनमा नेपालमा नयाँ जनवादी क्रान्ति, वैज्ञानिक समाजवाद हुँदै साम्यवादको लक्ष्य लिएको राजनीतिक दलले प्रथम नेपाली काँगेसको नेतृत्वको सरकार सञ्चालनमा गठित गठवन्धनमा रहन हुने कि नहुने ? संसदीय व्यवस्थालाई सधै प्रगतिशील व्यवस्था भन्दै त्यसको दृघकालिनरूपमा बलियो बनाउन मलजल गर्ने काम गर्न हुने कि नहुे ? संसदजस्तो एउटा प्रतिक्रियावादी थलोलाई टिकाएर नेपालमा कसरी र कहीले नयाँ जनवादी क्रान्ति हुने हो ? भरखरै राष्ट्रिय सभाको चुनावमा आएको नतिजालाई उहाँले प्रतिगमन लगातार पराजित हुँदैगएको प्रमाण पेश गर्नु भएको छ ।

उहाँले भन्ने गरेको यो पाँच दलीय गठबन्धनमा भएको यति धेरै शक्तिले आखिरमा देश र जनताका लागि के गरेको छ ? राष्ट्रियता र जनतन्त्रका लागि के सकारात्मक भूमिका खेलेको छ । पाँच दलीय गठबन्धनका कारण अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारको नेपालमाथिको हैकम कसरी कुन रूपमा कमजोर हुँदै गइरहेको छ आदि ।

यी विभिन्न प्रश्नहरूवारे अन्य क्रान्तिकारी कम्युनिस्टहरूसँग बसेर ठोस र सही उत्तर खोज्ने प्रयास नगरी क्रान्तिकारी कम्युनिस्टहरू र भरखरै नेकपा(मसाल), सरकारी राजमोका विरुद्ध विद्रोह गरेर गठन गरिएको नयाँ राजमोका विरुद्ध विष वमन गर्दै भन्नु हुन्छ– राजमो विभाजन गर्नेहरूले र संसदीय व्यवस्थालाई प्रतिक्रियावादी व्यवस्था भन्ने वामपन्थीहरूले प्रतिगमनलाई मद्दत गरीरहेका छन् ।

उहाँले यतिसम्म विश्लेषण गर्दै लेख्नु भएको छ कि अहिले देशको राजनीति स्पष्ट रूपले दुई कित्तामा बाँडिएको छ । एकातिर, गठबन्धन र अर्कोतिर, प्रतिगमन । सबै प्रतिगामी शक्तिहरूले गठबन्धनमाथि चौतर्फी रूपले हमला गरिरहेका छन् । उहाँले प्रतिगामी शक्तिहरू भनेर प्रथम ओली दोस्रो राजावादीहरू र तेस्रो आफूबाट विद्रोह गरेका र अन्य वामपन्थी शक्तिह, जसले बहुदलीय संसदीय व्यवस्थालाई प्रतिक्रियावादी व्यवस्था ठान्छन् र प्रतिगमन विरुद्धको सङ्घर्षमा गठबन्धनको जुन अर्थ र महत्व छ, त्यसलाई उनीहरूले बुझ्न सक्दैनन् भनेर के सम्म ठोकुवा गरेको पाइन्छ कि आफूबाट विद्रोह गरेर नयाँ राजमो गठन गरेकाहरू र अन्य वामपन्थीहरूले गठबन्धनमाथि हमला गरेर प्रतिगमनको पक्षमा जनमत तयार पार्न प्रत्यक्ष वा अप्रत्यक्ष प्रकारले मद्दत पुऱ्याइरहेका छन् ।

यति भन्दै पार्टीभित्रका कार्यकर्ता तथा समर्थकहरूलाई भ्रममा पार्न उहाँले माओको कार्यगत एकता वा संयुक्त मोर्चा सम्वन्धी नीतिलाई पाँच दलीय गठबन्धनको आवश्यकता र महत्व प्रमाणित गर्न गलत अर्थमा अगाडि सार्ने गरेको पाइन्छ । र उहाँले अहिले नेपाली काँग्रेसको नेतृत्वको सरकार संचालनमा गठित पाँच दलीय गठवन्धनमा नेकपा(मसाल)को सहभागीतालाइ द्वन्द्ववादको परिभाषाभित्र व्याख्या गरेको पाइन्छ ।

विगतमा जव निरङ्कुश पंचायती व्यवस्थाका विरुद्ध देशमा संयुक्त जनआन्दोलनको आवश्यकता थियो, त्यसमा तत्कालिन समयमा निरङ्कुश पंचायती व्यवस्थाका विरुद्ध लागेका दुई ठुला व्यक्तित्व–नेपाली काँग्रेसका विश्वेश्वर प्रसाद कोइराला र नेकपाका कमरेड पुष्पलाल श्रेष्ठका विरुद्ध मोर्चा सम्हालने काम गरेर राजालाई केही राहत दिएको तीतो यथार्थ सत्य अझै नेपालको राजनीतिक इतिहासमा काला अक्षरले अंकित छ । विश्वेश्वर प्रसाद कोइरालालाई भारतीय विस्तारवादका दलाल र कमरेड पुष्पलाल श्रेष्ठलाई दलालका पनि पुच्छर समेत भन्न उहाँ पछि पर्नु भएन । अहिले स्वयम् शेरबहादुरको नेतृत्वमा आफ्नो पार्टी र मोर्चालाई पछि पछि हिंडाएकोलाई के भन्ने होला ?

इतिहासले र अहिले वर्तमानमा उहाँका हरेक निर्णयहरूले यो झन प्रमाणीत गऱ्यो कि उहाँको नेपाली काँग्रेसका विश्वेश्वर प्रसाद कोइराला र नेकपाका कमरेड पुष्पलाल श्रेष्ठका विरुद्धको त्यो विश्लेषण कति प्रतिगमनकारी रहेछ । उहाँले त अहिले यतिसम्म भन्न थालेको पाइन्छ कि अहिलेको राजनीतिक आवश्यकता यो हो कि आगामी निर्वाचनसम्म वा आवश्यकता अनुसार त्यो भन्दा अगाडि पनि गठबन्धनलाई निरन्तरता दिनुपर्दछ । खास गरेर आगामी निर्वाचनसम्म त्यसलाई निरन्तरता दिनु अहिलेको राष्ट्रिय राजनीतिक आवश्यकता हो ।

हिंजो एमालेको वैशाखीमा संसद र सरकार र अहिले पाँच दलीय गठबन्धनको नाममा नेपाली काँग्रेसको वैशाखीमा प्यूठानमा र बढी भए अन्य एक दुई जनालाई संसदमा पठाउने । किनभने उहाँलाई थाहा छ, गठबन्धन नगरे त्यही एक सिट पनि आउँदैन । राष्ट्रिय सभामा एमालेको नराम्रो हारबाट उहाँले आफ्नो भावी चुनावी परिणाम देख्दै भन्नु भएको छ कि बाह्य आक्रमण वा आन्तरिक अन्तर्विरोधका कारणले गठबन्धन टुट्छ भने त्यो प्रतिगमन वा अधिनायकवादलाई मार्ग प्रसस्त गरिदिनु नै हुने छ । यसको अर्थ बाह्य आक्रमण वा आन्तरिक अन्तर्विरोध भएता पनि पाँच दलीय गठबन्धन टुट्न हुँदैन ।

अव उहाँमाथि स्वाभाविक प्रश्न उठने छ के एमसीसीका कारणले गठबन्धन टुटे(किनभने शेरबहादुर देउवाले एमसीसीलाई जसरी पनि संसदबाट पास गराएर छाडने भनिरहेका छन् ) किनभने उहाँको नेतृत्वको पार्टी मसाल र राजमोले एमसीसीको खारेजका लागि आन्दोलन गरिरहेको छ । त्यसवेला उहाँको पार्टीका कारण गठवन्धन टुटने स्पष्ट छ । उहाँले चाहेर पनि गठवन्धन टिक्ने र एमसीसी संसदबाट पनि पास हुने त हुन्न होला । त्यसवेला उहाँले स्वयम प्रतिगमन वा अधिनायकवादलाई मार्ग प्रसस्त गरिदिएको ठहर्दै न ?

नेपालको कम्युनिस्ट आन्दोलनमा नेकपा (मसाल) लामो इतिहास बोकेको पार्टी हो, जसको जन्म र विकासका लागि क. मोहविक्रम सिंहको त्याग, तपस्या र बलिदान उल्लेख्य छ, तर उहाँ जीवनमा कसरी नेकपा (मसाल)लाई संसदीय व्यवस्थाको आहालमा चुलुम्मै डुवाएर संसदीय व्यवस्थालाई कसरी बलियो बनाउने, नेकाँ जो कम्युनिस्ट शासन व्यवस्थाका लागि दृघकालिन रूपले वर्गीय शत्रु रहदै आएको छ, त्यसको नेतृत्वको सरकारलाई कसरी बलियो बनाउने ध्यानमा उहाँ किन लागि रहेको छ ?

२०१० सालमा नेकपाको सदस्यता लिएको एक जना जीवीत कम्युनिस्ट नेता तथा धेरै कम्युनिस्ट नेताहरूका पनि गुरु, कसरी नेपाली काँग्रेसको वैशाखीमा संसदमा आफ्ना पार्टी सदस्यहरू पठाएको देख्न लालायित बन्न जानु भयो ?

२०१० सालदेखि (जव उहाँले नेकपाको सदस्यता लिनु भयो) अहिले करीव ६८बर्षको वीचमा नेपाल अझै अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक अवस्थामा रहेको छ । नेपाली जनता सामन्तवाद, साम्राज्यवाद र विस्तारवादबाट उत्पीडित रहिआएका छन् । नेपाली समाज ऐतिहासिक रूपले विकसित वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय तथा जातव्यवस्थामा आधारित अनेकौं अन्तर्विरोधहरूमा जेलिएको जेलियै छ । तर उहाँका लागि किन हो, नेपालको समग्र मुक्ति आन्दोलन पनि यसै प्रकारका अन्तर्विरोधहरू अन्तर्गत पर्दछन भन्ने हेक्का अहिले आएर उहाँमा हराएको जस्तो छ । नेपाली काँग्रेस र त्यसका अध्यक्ष शेरबहादुर देउवाजस्तो संसदीय व्यवस्था, अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको घोषित दलालसँगको कार्यगत एकताबाट कसरी सम्भव छ नेपालमा क. मोहन विक्रम सिंहले चाहे र सांचेजस्तो कम्युनिस्ट क्रान्ति र कम्युनिस्ट शासन व्यवस्था ।

क. मोहन विक्रम सिंह एक जना नेपाली मार्क्सवादका गुरु, उहाँले त सर्वहारावर्ग एवम् उत्पीडित जनसमुदायको मुक्ति एवम. हकहितको पक्षपोषण गर्नु पर्ने थियो । सबैखाले अधिभूतवाद र अमूर्तताका विरुद्ध ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा एउटा क्रान्तिकारी कार्यदिशालाई अंगीकार गर्दै क्रान्तिका लागि आवश्यक क्रान्तिकारी राजनीतिक कार्यदिशाको विकास र यस प्रकारको कार्यदिशाको निर्धारण द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी मान्यताअनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको ठोस विश्लेषणका आधारमा गर्न पट्टि आफ्नो अनुभव र समय लगाउन पर्नेमा नेपालको नयाँ जनवादी क्रान्तिलाई कुनै पनि मद्दत नपुग्ने बरु नकारात्मक परिणाम दिने पुँजीवादी व्यवस्थाको राजनीतिक आधार संसदीय व्यवस्था र त्यसको संसदको दृघायुका लागि गरिने कामलाई मद्दत पुग्ने काम एउटा कम्युनिस्टका लागि के प्रतिगमन होइन त ?

के स्पष्ट हो भने वतर्मानको अवस्थामा पुँजीवादले साम्राज्यवादको रूप लिएको छ र वर्तमान युगको क्रान्तिको नेता सर्वहारा वर्ग बन्नका लागि यस्तो पुँजीवादी राजनीतिक दल जसले साम्राज्यवादी दलालको रूप लिएको छ र पुँजीपतिवर्गको पार्टी नेपाली काँग्रेसर्ले साम्राज्यवादीको दलालको रूपमा कामगर्न थालेको अवस्थामा त्यस्तो दलाल पुँजीपतिवर्गको पार्टी नेपाली काँग्रेस र त्यसको अध्यक्ष शेरबहादुर देउवासँग कार्यगत एकता वा संयुक्त मोर्चाले क्रान्तिलाई फाइदा होइन धोका हुन जान्छ भन्ने स्पष्ट छ ।

यसको विपरित उहाँ भन्नु हुन्छ कि पाँच दलीय गठबन्धनमा कति धेरै शक्ति छ व्यवहारले त्यो कुरा प्रस्ट गर्दै लगेको छ भनेर पाँच दलीय गठबन्धनको प्रशम्सा गर्नमा समय खेर फाली रहेको पाइन्छ । यस्तो पाटी र त्यसको सर्वमान्य नेताबाट के नेपालमा सामन्तवाद तथा साम्राज्यवाद विरुद्धको सर्वहारावर्गीय क्रान्तिको सपना देख्न सम्भव होला । के त्यस्तो पार्टीमा क्रान्तिकारीहरू अनुशासनको नाममा शिर निहुराएर बसी रहने वा विद्रोहको झण्डालाई उचाल्ने, तत्कालको आवश्यकता भएको छ । राजमोको विभाजन यही वस्तुगत आवश्यकतामा लिएको सही निर्णय हो भन्ने लाग्छ, जसलाई उहाँ प्रतिगमन कार्य भन्नु हुन्छ ।

नेपाली समाजको ऐतिहासिक विकास प्रकृयामा पाइने मूलतः दुई प्रकारका अन्तर्विरोधहरूः सामन्त र जनसमुदायका बीचको अन्तर्विरोध तथा नेपाल र अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवाद बीचको अन्तर्विरोधको हल वर्तमानको पाँच दलीय गठवन्धन वा यस्ता अन्य गठवन्धन, जो सामन्तवाद र साम्राज्यवाद वा विस्तारवादका दलाली गर्ने राजनीतिक शक्तिहरू सम्मिलित हुन्छन्, परिणाम सामन्तवाद र साम्राज्यवाद वा विस्तारवादकै पक्षमा रहन्छ ।

वर्तमान शेरबहादुर देउवा नेतृत्वको पाँच दलीय गठवन्धनले ल्याउन खोजेको एमसीसी उहाँले भनेझै पाँच दलीय गठबन्धनमा कति धेरै शक्ति छ व्यवहारले त्यो कुरा प्रस्ट गर्दै लगेको छ भनेझै हो । हो उहाँका दृष्टिमा पाँच दलीय गठबन्धन ओलीका विरुद्ध शक्तिशाली देखिएको होला तर अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका अगाडि भिजेको विरोलो जस्तै म्याउँ गर्दैछ–एमसीसी संदनबाट जे जसरी नी पास गराएर छाडने कसरतमा लागेका नेपाली काँग्रेस र भए पाँच दलीय गठवन्धन नभए नेकपा ओलीको एकताबाट ।

पुँजीवादले साम्राज्यवादको रूप लिएको वर्तमान अवस्थामा नेपालजस्ता अविकसित देशहरूमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादव्दारा एमसीसी र सिमा अतिक्रमणआदि जस्ता उत्पीडनको प्रक्रियाहरू अगाडि बढाइएको र नेपालमा पुँजीवादको स्वाभाविक विकासको मार्ग अवरुद्ध भएको वर्तमान अवस्थामा एउटा क्रान्तिकारी मार्क्सवादी –लेनिनवादी–माओवादी पार्टी, नेता तथा कार्यकर्ताले नयाँ जनवादी क्रान्तिमार्फत वैज्ञानिक समाजवादहुँदै साम्यवादको मालेमावादी मार्ग नै अवलम्न गर्ने हो । यसका लागि वर्तमान संसदीय व्यवस्था, साम्राज्यवाद र विस्तारवादका दलालहरूलाई मित्र मानेर उनीहरूसँग कार्यगत एकता वा संयुक्त मोर्चा गरेर होइन उनीहरूलाई प्रतिक्रियावादी शक्ति घोषणा गरेर मात्रै नेपालमा क्रान्ति सम्भव छ ।

क.मोहनविक्रम सिंहले लिएको यो खालको प्रतिगमनतर्फको यात्राले नेकपा(मसाल) र राजमोको क्रान्तिकारी ओझ र गरिमालाई मात्रै ध्वस्त पार्दैन, समग्र नेपाली कम्युनिस्ट आन्दोलनलाई नेपाली काँग्रेस र संसदीय व्यवस्थाको एक अंगमा रूपान्तरण गरिदिने स्पष्ट छ ।

नेकपा(मसाल) र राजमोभित्रको एउटा क्रान्तिकारी शक्तिले वेलैमा आफ्नो क्रान्तिप्रतिको झण्डालाई उठाएको छ र आवश्यक छ, त्यसपार्टीभित्रका अन्यले पनि त्यसमा साथ दिएर क.मोहनविक्रम सिंहको पार्टी विभाजनलाई रोक्न दवाव दिने र उहाँले लिएको यो खालको प्रतिगमनतर्फको यात्रालाई राक्ने ।

hukumsingh2012@yahoo.com

# संयुक्त राजनीतिक दलित संघर्ष समिति काठमाडौंको प्रेस विज्ञप्ति

काठमाडौं । नेपालको संविधान २०७२ कार्यान्वयनपछि पनि ऐतिहासिक कालखण्डदेखि अन्यायको शिकारमा परेका नेपालका उत्पीडित जनताले मुक्तिको सास फेर्न पाउने आशा राखेका थिए तर नेपाली समाजमा हालसम्म पनि उनीहरूमाथिको उत्पीडन घटनुका बजाय त्यस प्रकारका अप्रिय् घटनाहरू घटिरहेका छन् । नेपाली समाजभित्र घटेका पछिल्लो घटना सम्बन्धमा संयुक्त राजनीतिक दलित संघर्ष समितिले यही माघ १९ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी आफना भनाइहरू बाहिर ल्याएको छ, जसलाई तल दिइएको छ ।

## संयुक्त राजनीतिक दलित संघर्ष समिति, काठमाडौं

**प्रेस विज्ञप्ति**

**समाजमा घटेका पछिल्लो घटना सम्बन्धमा ध्यानाकर्षण भएको बारे ।**

सामन्ती व्यवस्था हुदै जवर्जस्ती लादिएको वर्णव्यवस्था र जातका आधारमा राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक र निकृष्ट प्रकारवाट हुदैं आएको भेदभाव र छुवाछूतले नेपाली समाजलाई ऐतिहासिक कालखण्डदेखि गाँजिरहेको छ । नेपाली जनताको ठुलो त्याग र वलिदानवाट प्राप्त नेपालको संविधान २०७२ कार्यान्वयनमा आएसंगै ऐतिहासिक कालखण्डदेखि अन्यायको शिकारमा परेका नेपालका उत्पीडित जनताले मुक्तिको सास फेर्न पाउने आशा राखेका थिए तर नेपाली समाजमा हालसम्म पनि त्यस प्रकारका अप्रिय् घटनाहरु घटिरहेका छन् । जस मध्ये ।

घटना १ : गत मंसिर ८ गते वागलुङको गलकोट नगरपालिका वस्ने राजन सुनार र माघ ८ गते मिरा परियारले आत्महत्या गरेका थिए । ती दुईले प्रेमलाई विवाहमा परिणत गर्न खोज्दा जातकै कारण परिवारले अस्वीकार गरेपछि त्यस अप्रिय् घटना घटेको विभिन्न माध्यमद्वारा जानकारी प्राप्त भएको छ । घटना २ : संखुवासभा घर भई हाल ललितपुर जिल्ला ग्वार्खुमा महर्जन थरका युवासंग डेरागरि लिभिङरिलेसनमा वस्दै आएकी वर्ष १९ की सलिना परियारले गत माघ १७ गते आत्माहत्या गरेकी थिईन् । विगत ४ वर्षदेखि लिभिङरिलेसनमा वस्दै आएकी परियारका प्रेमी महर्जन थरका युवाले समेत आफ्नै घरमा गत पुस ९ गते आत्माहत्या गरेको युवतीको परिवारवाट जानकारी प्राप्त भएको छ । उत्पीडित समुदाय विच रुपमा समेत फुट देखापरिरहेको छ । सत्ता स्वार्थको महत्वाकांक्षा पुरा उत्पीडित समुदाय विचमा समेत राज्यले गरेको जातीय फुटका कारण यसप्रकारको अप्रिय् घटना पश्चात् दुवै परिवारले परिवारका सदस्य गुमाउनु पुगेका छन् । उक्त घटनाद्वारा परिवार, समाज र सिङ्गो राष्ट्र चिन्तित वन्नु परेको छ । जातका आधारमा हुने विभेद अन्त्य गरि समतामुलक समाज निर्माण गर्न क्रियासिल पक्षधरलाई दुःखी वनाएको छ । जातको आधारमा हुने भेदभाव तथा छुवाछूतका कारण सिर्जित यस प्रकारको अप्रिय् घटनाहरु न्युनिकरणका लागि उचित कार्य गर्न तथा घटेको घटनाहरुमा संलग्नहरुलाई कानुन वमोजिम कडा भन्दा कडा कारवाही गर्न/गराउन जिम्मेवार व्यक्ति तथा निकाय गैर-जिम्मेवार देखिएका छन् । एवम् गत २०७७ फागुन ७ गते वर्ष ५८ का वच्चे दमाईको लास वनेपा र पनौतीको सिमामा रहेको आइटीपार्क अगाडी फेला परेको थियो । सिन्धुली जिल्ला सुनकोसी गाँउपालिका ५ घर भई रोजगारीको सिलसिलामा काभ्रे जिल्ला वनेपा वसोवास गर्दै आएका वच्चे दमाई हत्या घटना सम्वन्धमा अनुसन्धान गर्ने जिम्मेवारी पाएको निकाय उक्त घटना प्रति गम्भिर वन्न नसकेको अनुमान पीडित परिवारले गर्न पुगेका छन् । यी र यस प्रकारको नेपाली समाजभित्र घटेका पछिल्लो घटना सम्वन्धमा संयुक्त राजनीतिक दलित संघर्ष समितिको ध्यानाकर्षण भएको छ । हामी त्यस प्रकारका यस्ता अमानवीय र गैर-कानूनी घटनाहरूको घोर निन्दा एवम् भत्सर्ना गर्दछौं । सिमित अधिकार समेटिएको नेपालको संविधान र कानुनको ईमानदारिताका साथ व्यवहारत कार्यान्वयन गर्न समेत नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं ।

तसर्थ, यस प्रकारको अप्रिय् घटनाहरु न्युनिकरणका लागि सम्वन्धित निकायसंग उचित पहल गर्न/गराउन मानवअधिकारवादी संघ/संगठनहरूलाई हार्दिक अनुरोध गर्दछौं । साथै देशभर न्याय, अधिकार र समानताको पक्षमा संघर्षरत सम्पूर्ण दलित तथा उत्पीडित समुदाय, देशभक्त राजनीतिक शक्तिहरू, वुद्धिजीवी, पत्रकार, मजदुर, किसान, लगायत न्याय, समानता र स्वतन्त्रताको पक्षमा क्रियासिल सवैमा सहयोग गर्नहुन हार्दिक अपिल गर्दछौं ।

मिति : २०७८/१०/१९

उपेन्द्र छटुन्जेल
**संयोजक**

**संयुक्त राजनीतिक दलित संघर्ष समितिमा आवद्ध संगठनहरु :**

| | | | |
|---|---|---|---|
| १. | नेपाल दलित संघ | २. | समाजवादी दलित मुक्ति संगठन, नेपाल |
| ३. | श्रमिक समुदाय मोर्चा, नेपाल | ४. | नेपाल दलित मुक्ति मोर्चा |
| ५. | नेपाल राष्ट्रिय दलित केन्द्र | ६. | जातीय समता समाज |
| ७. | जात व्यवस्था उन्मुलन मोर्चा, नेपाल | ८. | सामाजिक न्याय विभाग |
| ९. | संयुक्त दलित अधिकार मञ्च | १०. | नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा |
| ११. | संघीय दलित शिल्पी मञ्च | १२ | राष्ट्रिय प्रजातान्त्रिक उत्पीडित उत्थान संगठन |
| १३. | विभेद मुक्ति प्रगतिशिल समाज | १४. | राष्ट्रिय दलित केन्द |

# अखिल(क्रान्तिकारी)का केन्द्रीय सचिव सूर्य कार्कीलाई साधारण सदस्यसमेत नरहने गरी तीन महिनाको लागि निलम्बन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकरी)ले संगठनको हित विपरित गतिविधि गरेको आरोपमा संगठनका केन्द्रीय सचिव सूर्य कार्कीलाई तीन महिनाका लागि निलम्वन गरिएको जानकारी निम्न प्रेस विज्ञप्ति मार्फत गराइएको छ ।

## राष्ट्रघाती एम.सी.सी. सम्झौताको खारेजीका लागि हुन गइरहेको विरोध प्रदर्शनमा सहभागी बनौं !

'राष्ट्रघाती एम.सी.सी. सम्झौताको खारेजी'को निम्ति नेपालका वामपन्थी र देशभक्त शक्तिहरुले विविध प्रकारका सङ्घर्षका कार्यक्रमहरु सञ्चालन गर्दै आएको तथ्य सर्वविदितै छ । पूर्व र बहालवाला प्रधानमन्त्रीहरु केपी शर्मा ओली एवम् शेरबहादुर देउवाले पटक-पटक यो राष्ट्रघाती सम्झौतालाई संसद्बाट पारित गराउने प्रयास गरे पनि असफल हुँदै आएका छन् । फेरि पनि अमेरिकी सरकारको दबावको अगाडि घुँडा टेकेर शेरबहादुर देउवा संसदमा जसरी पनि एम.सी.सी. प्रस्तुत गरी त्यसलाई पारित गराउने कसरतमा लागेको कुरा व्यापकरुपमा सार्वजनिक भएको छ । नेपालको सार्वभौमिकताको रक्षा गर्न र हाम्रो देशलाई विदेशी शक्तिहरुको क्रिडास्थल बन्न नदिनका लागि हामी पुनः सडकमा उत्रिन बाध्य भएका छौं । यसका लागि सम्पूर्ण देशभक्त, वामपन्थी, राष्ट्रवादी शक्ति (व्यक्तित्व)हरुसँग एकताबद्ध भएर सङ्घर्ष गर्न हामी आह्वान गर्दछौं ।

पुनश्च: कोरोना महामारीलाई ध्यानमा राख्दै स्वास्थ्य मापदण्डको पूर्णपालना गरिनेछ ।

**कार्यक्रम :**
मिति : २०७८ माघ २६ गते आइतबार
समय : दिनको ठीक १ बजे
स्थान : माइतीघर मण्डला, काठमाडौं ।

**कार्यगत एकतामा सम्मिलित २२ राजनीतिक दल/सङ्गठनहरु**

१. नेकपा (क्रान्तिकारी माओवादी) २. नेकपा (मसाल) ३.नेकपा (माले) ४. नेपाल कम्युनिस्ट पार्टी ५. राष्ट्रिय जनमोर्चा ६. देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ७. नेपाल कम्युनिस्ट पार्टी, ८. नेकपा (माओवादी केन्द्र समाजवादी) ८. नेकपा (माओवादी मोर्चा) १०. राष्ट्रिय जागरण मञ्च ११. जनसमाजवादी पार्टी १२. नेकपा (संयुक्त) १३. राष्ट्रिय जागरण परिषद्, नेपाल १४. वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी १५. नेकपा (बोल्शेविक) १६. एम.सी.सी. खारेज अभियान १७. पुष्पलाल अध्ययन समाज १८. सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी) १९. मार्क्सवादी एकता अभियान २०. नेकपा (मार्क्सवादी) २१. नेकपा मार्क्सवादी (पुष्पलाल) २२.समाजवादी राष्ट्रिय मञ्च, नेपाल ।

मिति : २०७८/१०/१९

सी.पी. गजुरेल
(२२ राजनीतिक दल/सङ्गठनको कार्यगत एकताका तर्फबाट)

## क.मोहनविक्रम...

पठाएको जानकारी पनि उनले दिएकी छन् ।

उनले यो पनि खुलासा गरेकी छिन कि 'उहाँहरू (देउवा प्रचण्ड)को प्रतिबद्धतालाई लिएर एमसीसीले धन्यवाद पनि दिएको छ । साथै, सम्झौताअनुसार पूरा हुने परियोजनाले नेपालका २ करोड ३० लाख अर्थात् करिब ८० प्रतिशत जनसंख्याको जीवनमा सकारात्मक प्रभाव पार्नेछ भन्ने जनचेतना विस्तार गर्ने उहाँहरूको योजनालाई पनि एमसीसीले कदर गरेको छ ।'

निर्धारित मितिभित्र नेपालको संसद्बाट अनुमोदन नभएमा सम्झौताको भविष्यबारे निर्णय गर्ने अधिकार एमसीसी बोर्डमा रहने उनको भनाइ छ । उनका अनुसार आगामी मार्च २२ (चैत ८) मा बस्ने बोर्ड बैठकले त्यस विषयमा निर्णय लिनेछ ।

एमसीसी अनुमोदन हुने वा नहुने विषयले नेपाल र अमेरिकाबीचकै सम्बन्ध प्रभावित हुने कोणबाट बहस भइरहे पनि त्यसले दुई देशको सम्बन्धमा नकारात्मक असर नपर्ने पनि उनले प्रस्ट पारेकी छिन् ।

संसद्मा दर्ता भएपछि एमसीसी सम्झौतालाई लिएर तत्कालीन सत्तारूढ दल नेकपाभित्रसमेत विवाद चर्किएपछि पार्टीले पूर्वप्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा कार्यदल नै गठन गरेको थियो । जसको सदस्यमा नेता भीम रावल र तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली थिए । कार्यदलले केही बुँदाहरू संशोधनबिना अघि बढ्न नसक्ने निष्कर्षसहित प्रतिवेदन बुझाएको थियो । ज्ञवालीले भने फरक मत राखेका थिए ।

देउवा सरकार आएपछि ५ दलीय गठबन्धनमा पनि एमसीसी सम्झौतालाई लिएर विवाद भएपछि फेरि सत्ता गठबन्धनले पूर्वप्रधानमन्त्री खनालकै नेतृत्वमा कार्यदल गठन गरेको छ । उक्त कार्यदलमा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ र सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की छन् । उनीहरूबीचको छलफलमा प्रगति नभएपछि कार्यदलले काम गर्न नसक्ने भन्दै गठबन्धनका नेताहरूलाई खनालले जानकारी दिइसकेका छन् ।

पछिल्लोपटक एमसीसीको विषयमा गोलमेच सम्मेलन गर्नुपर्ने आवाज समेत उठाइएको छ भने अर्कोतिर अमेरिकाका लागि नयाँ नेपाली राजदूत श्रीधर खत्रीमार्फत एमसीसीका तर्फबाट दुईजना, एमसीसीका विरोधी पक्षका २ जना र एकजना मध्यस्थकर्ता गरी पाँच जनाको टोली बनाएर एमसीसीमा सहमति खोज्ने प्रस्ताव पनि अघि सारिएको प्रचार गराइएको थियो । विवादित केही बुँदाहरू संशोधन गरेर जानेमा देउवाले समेत सहमति जनाएको चर्चा चलिरहँदा सुमारको एमसीसीमा संशोधन गर्न नसकिने भनाइले अब एमसीसी संशोधनको च्याप्टर क्लोज भएको छ ।

***सभामुख हटाएरै भएपनि पास गर्ने कांग्रेस–एमालेको योजना***

फागनु १६ भित्र एमसीसी जसरी पनि पास गर्न कांग्रेस एमालेले अघोषित सहकार्य गरेको चर्चा पनि चलिरहेको छ । सभामुख अग्निप्रसाद सापकोटालाई हटाएरै भए पनि एमसीसी पास गर्ने योजनामा कांग्रेस एमाले अघि बढेको एक उच्चस्तरीय स्रोतले दाबी गरेको छ । त्यसको लागि चाहिने दुई तिहाईको लागि भित्रभित्रै पहल भइरहेको पनि स्रोतको दाबी छ ।

अग्नी सापकोटा सभामुखमा निर्वाचित भएको माघ १२ गते दुई वर्ष पुग्यो । कोरोना महामारी र प्रतिनिधि सभा विघटनका कारण उनले सभामुखको आसनबाट धेरै भूमिका निर्वाह गर्ने अवसर पाएका छैनन् ।

केही समययता भने सत्ताको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसले प्रमुख प्रतिपक्षी दल, नेकपा (एमाले)सँग मिलेर उनलाई हटाउने प्रयास थालेको चर्चा चलिरहेको छ । एमसीसीसँगको सम्झौता अनुमोदनका लागि प्रतिनिधि सभामा पेस गर्न कांग्रेस र एमालेबीच सहमति भइसकेको छ । त्यसमा अवरोधक देखिएका सापकोटालाई उनीहरूले हटाउन खोजेका छन् । एमालेले सभामुख सापकोटाको भूमिकामाथि प्रश्न उठाउँदै सदन अवरोध गरिरहेको छ । त्यसैले सदन खुलाउन कांग्रेसले एमालेको माग पूरा गर्ने प्रयत्नस्वरूप सभामुख हटाउने चर्चा चलिरहेको छ ।

जारी अधिवेशनअन्तर्गत माघ १६ गते पनि प्रतिनिधि सभाको बैठक बोलाइएको थियो । तर, सम्भावित कार्यसूची सार्वजनिक भएलगत्तै माघ २६ का लागि बैठक स्थगित भयो । बैठक सार्नुको पछाडि सभामुखले एमसीसी सम्झौता टेबल हुन नदिने अभिप्राय राखेको भन्दै एमसीसीका पक्षधरहरूले आलोचना गर्दै आएका छन् । सभामुख सापकोटाले भने एमसीसी व्यापक महत्वको विषय भएकाले दलहरूबीच सहमति भए त्यसलाई अगाडि बढाउन आफू तयार रहेको बताउँदै आएका छन् ।

***एमसीसी खारेजीका लागि क्रान्तिकारी माओवादी र २२ दलीय मोर्चा आन्दोलित***

अमेरिकाको साम्राज्यवादी मिसनमा आधारित एमसीसी सम्झौता, जुन नेपालको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको प्रतिकूल छ, लाई जसरी पनि नेपालको संसदबाट अनुमोदन गराउन अमेरिकाले दबाब दिइरहेको छ र यहाँका संसदवादी दलहरू खासगरी कांग्रेस र एमाले संसदबाट अनुमोदनका लागि अमेरिकाको निर्देशन अनुसार दौडधूप गरिरहेका छन्, त्यही एमसीसी सम्झौता खारेजीको माग गर्दै मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) अहिले देशव्यापी रूपमा आन्दोलित छ । क्रान्तिकारी माओवादीले माघ २१ गत्ते देशव्यापी विरोध प्रदर्शनको आयोजना गऱ्यो । मौसम प्रतिकूलताका बीच चितवन, दाङ, कपिलवस्तु, सिन्धुली, रामेछाप लगायतका जिल्लाहरूमा विरोध प्रदर्शन भएको छ भने काठमाडौं लगायत कतिपय जिल्लाहरूमा मौसमको प्रतिकुलताका कारण विरोध प्रदर्शन स्थगित भएको छ । स्थगित गरिएका जिल्लाहरूमा चाँडै विरोध प्रदर्शनको कार्यक्रम गरिने सम्बद्ध स्रोतले जनाएको छ । क्रान्तिकारी माओवादी एक मात्र त्यस्तो पार्टीको रूपमा देखिएको छ, जसले विगत लामो समयदेखि एमसीसी सम्झौताको खारेजी लगायत भारतले अतिक्रमण गरेका लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतका अतिक्रमित भूमि फिर्ताको लागि निरन्तर रूपमा सडकमा उत्रिएर विरोध प्रदर्शन गर्दै आएको छ । देशको स्वाधीनताको रक्षा, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको विषयलाई पार्टीको मुख्य मुद्दा बनाउँदै यो पार्टीले सडकबाट सदन र सरकारका राष्ट्रघाती र जनघाती कामहरूको डटेर विरोध गर्दै आएको छ ।

क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य किरणले हालै पार्टीको स्थायी समितिको बैठकले गरेका निर्णय सार्वजनिक गर्दै २१ गते एमसीसी र भारतीय सीमा अतिक्रमणको विरोधमा देशव्यापी विरोध गर्ने घोषणा गर्नुभएको थियो ।

१५ माघ २०७८ मा सम्पन्न पार्टीको स्थायी समितिको बैठकका निर्णय वक्तव्य मार्फत् सार्वजनिक गर्दै पार्टी महासचिव मोहन वैद्य किरणले राष्ट्रिय स्वाधीनताको रक्षा र सार्वभौमिकताको विषयमा सङ्घर्षलाई एकल तथा संयुक्त रूपमा अझै विकसित तुल्याउँदै जानुपर्ने आवश्यकतालाई गंभीरतापूर्वक आत्मसात गरी यही माघ २१ गते देशव्यापी रूपमा विरोध प्रदर्शनको कार्यक्रम राख्ने निर्णय गरेको जनाउनु भएको थियो ।

वक्तव्यमार्फत् महासचिव किरणले सो विरोध प्रदर्शनको कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि सम्बन्धित पार्टी कमिटीका कमरेडहरूलाई निर्देशित गर्नुका साथै सबै जनवर्गीय सङ्गठन तथा मोर्चा सहित आम देशभक्त, प्रगतिशील, जनवादी तथा वामपन्थी मित्रहरू र शुभचिन्तकहरूलाई विशेष अनुरोध समेत गर्नु भएको थियो ।

वक्तव्यमा देशको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको प्रश्न गम्भिर बन्दै गएको विषयलाई उल्लेख गर्दै भनिएको छ, 'देशको राष्ट्रिय स्वाधीनताको रक्षा तथा सार्वभौमिकताको प्रश्न गंभीर बन्दै गएको छ । एकातिर अमेरिकी साम्राज्यवादले एमसीसी परियोजना थोपर्ने धृष्टता गर्दै आएको छ भने अर्कोतिर भारतीय विस्तारवादले लिपम्पयाधुरा, कालापानी, लिपुलेक क्षेत्रमाथि निर्लज्ज अतिक्रमण गरेको छ । गठबन्धन सरकारको नेतृत्व गरिरहेको नेपाली काङ्गेस संसदबाट एमसीसी पारित गराउन लागि परेको छ । अतिक्रमित लिपुलेक क्षेत्रमा भारत सरकारले सडक बनाउँदा र त्यसको विस्तार गर्दा पनि पाँच दलीय गठबन्धन सरकारले आधिकारिक तथा औपचारिक रूपमा कुनै प्रतिवाद गरेको छैन । सो क्षेत्रमा भारतीय अतिक्रमण रोक्न तथा नेपाली भूभाग फिर्ता ल्याउनका लागि कुनै पनि कूटनीतिक तथा राजनीतिक पहल नगरी मौनता साधेर बसेको छ । यो स्वाभिमानी नेपालीका लागि गंभीर चिन्ताको विषय हो ।'

त्यसैगरी 'राष्ट्रघाती एम.सी.सी. सम्झौताको खारेजीका लागि हुन गइरहेको विरोध प्रदर्शनमा सहभागी बनौं !' भन्ने आव्हानका साथ २२ दलीय कार्यगत मोर्चाको तर्फबाट देशभक्त तथा जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले बुधबार मात्र एक वक्तव्य जारी गर्नुभएको छ । वक्तव्यमा एमसीसी खारेजीका लागि २६ माघमा काठमाडौंको माइतीघर मण्डलामा विरोध प्रदर्शनको कार्यक्रम राखिएको छ ।

वक्तव्यमा भनिएको छ, 'राष्ट्रघाती एम.सी.सी. सम्झौताको खारेजी'को निम्ति नेपालका वामपन्थी र देशभक्त शक्तिहरूले विविध प्रकारका सङ्घर्षका कार्यक्रमहरू सञ्चालन गर्दै आएको तथ्य सर्वविदितै छ । पूर्व र बहालवाला प्रधानमन्त्रीहरू केपी शर्मा ओली एवम् शेरबहादुर देउवाले पटक-पटक यो राष्ट्रघाती सम्झौतालाई संसद्बाट पारित गराउने प्रयास गरे पनि असफल हुँदै आएका छन् । फेरि पनि अमेरिकी सरकारको दबावको अगाडि घुँडा टेकेर शेरबहादुर देउवा संसद्मा जसरी पनि एम.सी.सी. प्रस्तुत गरी त्यसलाई पारित गराउने कसरतमा लागेको कुरा व्यापकरूपमा सार्वजनिक भएको छ । नेपालको सार्वभौमिकताको रक्षा गर्न र हाम्रो देशलाई विदेशी शक्तिहरूको क्रिडास्थल बन्न नदिनका लागि हामी पुनः सडकमा उत्रिन बाध्य भएका छौं । यसका लागि सम्पूर्ण देशभक्त, वामपन्थी, राष्ट्रवादी शक्ति (व्यक्तित्व)हरूसँग एकताबद्ध भएर सङ्घर्ष गर्न हामी आह्वान गर्दछौं ।'

कार्यगत एकतामा सम्मिलित २२ राजनीतिक दल/सङ्गठनहरूमा १. नेकपा (क्रान्तिकारी माओवादी) २. नेकपा (मसाल) ३.नेकपा (माले) ४. नेपाल कम्युनिस्ट पार्टी ५. राष्ट्रिय जनमोर्चा ६. देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ७. नेपाल कम्युनिस्ट पार्टी, ८. नेकपा (माओवादी केन्द्र समाजवादी) ८. नेकपा (माओवादी मोर्चा) १०. राष्ट्रिय जागरण मञ्च ११. जनसमाजवादी पार्टी १२. नेकपा (संयुक्त) १३. राष्ट्रिय जागरण परिषद्, नेपाल १४. वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी १५. नेकपा (बोल्शेविक) १६. एम.सी.सी. खारेज अभियान १७. पुष्पलाल अध्ययन समाज १८. सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी) १९. मार्क्सवादी एकता अभियान २०. नेकपा (मार्क्सवादी) २१. नेकपा मार्क्सवादी (पुष्पलाल) २२.समाजवादी राष्ट्रिय मञ्च, नेपाल रहेका छन् ।

# नेपालमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन(ILO) महासन्धि-१६९ को सान्दर्भिकता



● प्रा.डा. ओम गुरुङ ●

*अन्तराष्ट्रिय श्रम सङ्गठन महासन्धि-१६९ को विशेषता विकासमा आदिवासी जनजातिहरूसँगको परामर्श, उनीहरूको सहभागिता र प्रतिनिधित्व हो । यो महासन्धिले आदिवासी जनजातिहरूलाई अन्य समुदायका जनतालाई मुलुकले प्रदान गर्ने अधिकार तथा अवसरको समान फाइदा हुने कुरा सुनिश्चित गरेको छ । महासन्धिले आदिवासी जनजातिहरूको सामाजिक, सांस्कृतिक पहिचान र परम्परा तथा संस्थाहरूप्रति सम्मान गर्दै उनीहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारहरूको पूर्ण कार्यान्वयन गर्ने, आदिवासी जनजातिहरूको जीवनपद्धति अनुकुल हुनेगरी आदिवासी जनजाति तथा राष्ट्रिय समुदायका अन्य सदस्यहरूबिच मौजुदा सामाजिक, आर्थिक खाडल हटाउन आदिवासी जनजातिहरूलाई सहयोग गर्ने, कुनै भेदभाव बिना जनजातिलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रता उपभोग गर्ने, जनजातिका महिला र पुरुषबिच बिद्यमान भेदभाव हटाउने, बिना भेदभाव जनजातिका परम्परागत संस्थाहरू, सम्पत्ति, श्रम, संस्कृति र वातावरण तथा व्यक्तिको शिक्षाका लागि विशेष उपायहरू पारित गर्ने, आदिवासी जनजातिका सामाजिक, सांस्कृतिक, आर्थिक तथा आध्यात्मिक मूल्य मान्यता तथा प्रचलनहरूलाई मान्यता दिने, उनीहरूले भेल्नु परेका व्यक्तिगत तथा सामुहिक समस्याहरू न्युनीकरण गर्न उनीहरूको सहभागितामा विशेष नीतिहरू अपनाउने, उनीहरूलाई प्रत्यक्ष रूपमा प्रभाव पर्न सक्ने कानुनी वा प्रशासनिक कामहरूका सम्बन्धमा उनीहरूको प्रतिनिधिमुलक संस्थाहरू मार्फत सम्बन्धित समुदायसँग परामर्श गर्नेजस्ता व्यवस्था गरेको छ*

### *पृष्ठभूमि*

संयुक्त राष्ट्र सङ्घको पछिल्लो तथ्याङ्क अनुसार विश्वका ९० देशमा बसोवास गर्ने आदिवासी जनजातिहरूले विश्व जनसङ्ख्याको ६.२ प्रतिशत (४७.६ करोड) भाग ओगटेका छन् । यिनीहरूले बोल्ने ५००० भन्दा बढी भाषा, भिन्न संस्कृति, भिन्न परम्परा र मूल्य मान्यता, लिखित अलिखित इतिहास, जीवन र जगतलाई हेर्ने भिन्न दृष्टिकोण, प्रथाजन्य कानुन, परम्परागत संस्था, गुजारामूखी आर्थिक पद्धति, प्रकृति (जल, जमिल र जङ्गल) सँगको भौतिक/अभौतिक सम्बन्ध आदिले यिनीहरूको विशिष्ट जीवनशैली निर्माण गरेको छ । आदिवासी जनजातिहरूमा अर्न्तनिहित यी र यस्ता विशेषताहरूले विश्व समाजलाई आकर्षक र सुन्दर बनाएको छ । तर, राज्यको निर्माण, राज्यसँग यिनीहरूको सम्पर्क, आधुनिक प्रविधिको विकास र विश्व पुँजीवादको अतिक्रमणले विश्वव्यापी रूपमा आदिवासी जनजातिहरूको सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक जीवनमा नकारात्मक असर परेको छ । राज्यद्वारा निर्मित कानुन पनि आदिवासी जनजातिहरूको जीवन पद्धति अनुकुल छैन न त राज्यको विकास योजना र कार्यक्रमहरू उनीहरूका आवश्यकता र प्राथमिकता अनुकुल छन् । बरु राज्यको कानुन र विकास योजना तथा कार्यक्रमहरूले आदिवासी जनजातिहरूलाई आफ्नै भूमिबाट विस्थापित हुन बाध्य परेको छ । फलस्वरूप आदिवासी जनजातिहरू अहिले संसारका सबैभन्दा भूमिहीन गरिब र सीमान्तकृत वर्ग तथा समुदायमा परिणत हुन पुगेका छन् । विश्वका आदिवासी जनजातिहरूको यही पृष्ठभूमिमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि-१६९ को विकास भएको हो ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको विशेष पहल, संयुक्त राष्ट्र सङ्घ मानव अधिकार आयोगको प्राविधिक सहयोग, गैरसरकरी सङ्घ/संस्थाहरूको सक्रियता, आदिवासी जनजाति अधिकारकर्मी र बुद्धिजीवीहरूको निरन्तर दवाब तथा अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थाहरूको चाहना आदिका कारण तीव्र गतिमा आदिवासी जनजाति अन्तर्राष्ट्रिय आन्दोलनको विकास भयो । परिणाम स्वरूप आदिवासी जनजातिका अधिकार सम्बन्धी सन् १९५७ मा पारित भएको अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि-१०७ परिमार्जन गरी त्यसका ठाउँमा सन् १९८९ मा अर्को अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि-१६९ पारित भयो । तर, यो महासन्धि पारित गर्न महासन्धि-१६९ मा आदिवासी जनसङ्ख्या (Indigenous Populations) शब्द राख्ने कि आदिवासी जनता (Indigenous Peoples) राख्ने भन्ने विषयमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन र सदस्य राष्ट्रहरूबिच सहमति भएन । किनकि अन्तर्राष्ट्रिय कानुनमा जनता शब्दले आत्मनिर्णयको अधिकार आकर्षित गर्ने र आत्मनिर्णयको अधिकारले आदिवासी जनजातिहरूलाई छुट्टै स्वतन्त्र राष्ट्रको स्थापना गर्न पाउने अधिकार दिने हुदाँ सदस्य राष्ट्रहरूले महासन्धिमा जनता शब्द प्रयोग गर्न चाहेनन् । उनीहरूबिच ३ बर्षसम्म घनिभूत बहस भयो र अन्तमा अन्तर्राष्ट्रिय कानुनमा व्याख्या गरिए जस्तो अर्थ नलाग्ने गरी महासन्धिमा जनता शब्द राख्ने सहमति भयो । सहमति अनुसार जनता शब्दको व्याख्या महासन्धि-१६९ को भाग १ धारा १ उपधारा ३ मा गरिएको छ । यो महासन्धि नर्वे र मेक्सिकोले अनुमोदन गरे लगत्तै सन् १९९१ देखि कार्यन्वयन भयो ।

### *अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि -१६९ ले सुनिश्चित गरेका अधिकारहरू*

अन्तराष्ट्रिय श्रम सङ्गठन महासन्धि-१६९ ले आदिवासी जनजातिहरूका लागि सुनिश्चित गरेका अधिकारहरू १० भाग, ४४ धारा तथा उपधाराहरूमा व्याख्या गरिएको छ । महासन्धिको भाग १ मा सामान्य नीति सम्बन्धी जानकारीमुलक सुचनाहरू छन् भने भाग ८, ९ र १० मा महासन्धि पारित गरेपछि अपनाईने प्रशासनिक प्रक्रिया र सामान्य प्रावधानहरू उल्लेख गरिएका छन् । आदिवासी जनजातिका अधिकारसम्बन्धी महत्वपूर्ण प्रावधानहरू महासन्धिको भाग २, ३, ४, ५, ६, र ७ मा छ जसको सार संक्षेप निम्न बमोजिम छ :

यो महासन्धिको पहिलो भाग धारा १ मा आदिवासी र जनता शब्दको परिभाषा गरिएको छ । यो महासन्धिले स्वपहिचानलाई आदिवासी पहिचानको आधारभूत मापदण्ड मानेको छ । महासन्धिमा उल्लेख गरिए अनुसार यो महासन्धि सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाहरूले अन्य समुदाय भन्दा फरक रहेका र आफ्ना परम्परा वा प्रथा वा विशेष कानुन वा नियमहरूले पूर्ण वा आंशिक रूपमा सञ्चालित जीवनपद्धति भएका तथा उपनिवेशिकरणका कारण आफ्नै भूमिबाट विस्थापित भएका वा राज्यको सीमारेखा कोरिनु भन्दा पूर्व कुनै निश्चित भौगोलिक क्षेत्रमा बसोवास गर्दै आएका जातिको वंश भएको नाताले आदिवासी मानिने स्वतन्त्र देशका जनताहरूको लागि यो महासन्धि लागु हुनेछ भन्ने कुरा स्पष्ट परिएको छ ।

यो महासन्धिले जनता शब्दलाई अन्तर्राष्ट्रिय कानुनमा व्याख्या गरिए जस्तो अर्थ नलाग्ने गरी प्रयोग गरिएको छ ।

अन्तराष्ट्रिय श्रम सङ्गठन महासन्धि-१६९ को विशेषता विकासमा आदिवासी जनजातिहरूसँगको परामर्श, उनीहरूको सहभागिता र प्रतिनिधित्व हो । यो महासन्धिले आदिवासी जनजातिहरूलाई अन्य समुदायका जनतालाई मुलुकले प्रदान गर्ने अधिकार तथा अवसरको समान फाइदा हुने कुरा सुनिश्चित गरेको छ । महासन्धिले आदिवासी जनजातिहरूको सामाजिक, सांस्कृतिक पहिचान र परम्परा तथा संस्थाहरूप्रति सम्मान गर्दै उनीहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारहरूको पूर्ण कार्यान्वयन गर्ने, आदिवासी जनजातिहरूको जीवनपद्धति अनुकुल हुनेगरी आदिवासी जनजाति तथा राष्ट्रिय समुदायका अन्य सदस्यहरूबिच मौजुदा सामाजिक, आर्थिक खाडल हटाउन आदिवासी जनजातिहरूलाई सहयोग गर्ने, कुनै भेदभाव बिना जनजातिलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रता उपभोग गर्ने, जनजातिका महिला र पुरुषबिच बिद्यमान भेदभाव हटाउने, बिना भेदभाव जनजातिका परम्परागत संस्थाहरू, सम्पत्ति, श्रम, संस्कृति र वातावरण तथा व्यक्तिको शिक्षाका लागि विशेष उपायहरू पारित गर्ने, आदिवासी जनजातिका सामाजिक, सांस्कृतिक, आर्थिक तथा आध्यात्मिक मूल्य मान्यता तथा प्रचलनहरूलाई मान्यता दिने, उनीहरूले भेल्नु परेका व्यक्तिगत तथा सामुहिक समस्याहरू न्युनीकरण गर्न उनीहरूको सहभागितामा विशेष नीतिहरू अपनाउने, उनीहरूलाई प्रत्यक्ष रूपमा प्रभाव पर्न सक्ने कानुनी वा प्रशासनिक कामहरूका सम्बन्धमा उनीहरूको प्रतिनिधिमुलक संस्थाहरू मार्फत सम्बन्धित समुदायसँग परामर्श गर्नेजस्ता व्यवस्था गरेको छ ।

यो महासन्धिले आदिवासी जनजातिहरूसँग सरोकार राख्ने नीति तथा कार्यक्रम बनाउदा उनीहरूको निर्वाचित संस्था वा व्यक्तिहरू स्वतन्त्र रूपले सहभागि हुन सक्ने माध्यम तयार पार्ने, उनीहरूको संस्था तथा व्यक्तिहरूका पहलमा विकासका लागि, आवश्यक स्रोत उपलब्ध गराउने, महासन्धि लागु गराउँदा गरिने परामर्श असल नियतले गर्ने, उनीहरूले ओगटेका भूमिमा वा उनीहरूको सामाजिक, आर्थिक जीवनमा प्रभाव पार्ने विकास प्रक्रियामा सहभागी गरे उनीहरूको आफ्नो प्राथमिकता निर्धारण गर्न दिने तथा त्यस्ता विकासमा उनीहरूको नियन्त्रण गर्ने अधिकार दिने, उनीहरूलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने राष्ट्रिय तथा क्षेत्रीय विकासका योजना र कार्यक्रहरूको तर्जुमा, कार्यान्वयन र मुल्याङ्कनमा उनीहरूलाई सहभागि बनाउने, उनीहरूको क्षेत्रमा शिक्षा, स्वास्थ्य र आर्थिक कार्यमा प्राथमिकता दिने, उनीहरूको क्षेत्रमा गरिने विकासबाट पर्न सक्ने सामाजिक, आध्यात्मिक, सांस्कृतिक र वातावरण प्रभावको मुल्याङ्कन गर्न अध्ययनहरू गर्ने र ती अध्ययनको निष्कर्षहरूलाई कार्यक्रम कार्यान्वयनको मुख्य आधार मान्ने, उनीहरू बसोवास गर्ने क्षेत्रको वातावरणको संरक्षण गर्ने उपायहरू अपनाउने, उनीहरूको हकमा राष्ट्रिय कानुन वा नियमहरू लागु गर्दा उनीहरूको परम्परागत कानुनहरूलाई ध्यान दिने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानव अधिकारबाट परिभाषित भएका मौलिक अधिकारसँग नबाभिएको अवस्थामा आदिवासी जनजातिका परम्परा र संस्थाहरू कायम हुने, कानुन विपरित आदिवासी जनजातिहरूबाट व्यक्तिगत रूपमा कुनै किसिमको निशुल्क वा जबर्जस्ती सेवा लिन नपाइने, उनीहरूको अधिकार दुरूपयोग भएको विरुद्ध उनीहरूले व्यक्तिगत वा आफ्ना संस्था मार्फत कानुनी कारवाही चलाउन सक्ने अधिकार दिने अधिकार प्रदान गरेको छ ।

महासन्धिको भाग २ को धारा उपधाराहरूले आदिवासी जनजातिहरूको भूमि र प्राकृतिक स्रोत माथिको अधिकार सुनिश्चित गर्दछ । महासन्धिमा भूमि भन्नाले आदिवासी जनजातिहरूले ओगटेका वा अन्य किसिमले उपयोग गरेका क्षेत्रको समग्र वातावरणलाई जनाउँछ । यी धारा/उपधाराहरू अन्तर्गत आदिवासी जनजातिहरूको संस्कृति र आध्यात्मिक मूल्यहरूको लागि उनीहरूले ओगटेका वा अन्य कुनै किसिमले प्रयोग गरेका भूमि वा ईलाकासँग वा दुवैसँग रहेको निजहरूको सम्बन्ध र खासगरी उक्त सम्बन्धको सामुहिक पक्षको विशेष महत्वलाई सम्मान गर्नु पर्दछ । महासन्धिले आदिवासी जनजातिहरूले परम्परागत रूपमा ओगट्दै आएका भूमिमा निहित उनीहरूको स्वामित्व र भोगाधिकारलाई मान्यता दिन्छ । यसका अतिरिक्त सम्बन्धित आदिवासी समुदायले एकलौटी रूपमा ओगटेका तर जीविकोपार्जन र परम्परागत गतिविधिको लागि परम्परागत रूपमा पहुँच प्राप्त गरेका भूमि प्रयोग गर्ने उनीहरूको अधिकारको रक्षा गर्न उपयुक्त उपायहरू अपनाउनु पर्दछ भन्ने सुनिश्चित गर्दछ । यस सम्बन्धमा नेपालका राउते जस्ता घुमन्ते समुदायका जनताहरूको अवस्थामा विशेष ध्यान दिनु पर्दछ । आदिवासी जनजातिहरूको भूमि र प्राकृतिक स्रोतमाथिको अधिकारलाई विशेष रूपमा सुरक्षित गर्नु पर्दछ । प्रकितिक स्रोतको उपयोग, व्यवस्थापन र संरक्षणमा आदिवासी जनजातिहरूलाई सहभागि हुने अधिकार हुन्छ । खनिज पदार्थ वा अन्य भूमिगत स्रोतको स्वामित्व वा भूमि सम्बन्धी अन्य अधिकार राज्यमा निहित हुने हुदाँ राज्यले आदिवासीले ओगटेका भूमिमा यस्ता स्रोतहरूको अन्वेषण वा उपयोगका लागि कुनै पनि कार्यक्रम सञ्चालन गर्दा वा अनुमति दिनु पूर्व आदिवासी जनजातिहरूको हितमा प्रतिकुल असर पर्ने/नपर्ने सम्बन्धमा सम्बन्धित समुदायसँग परामर्श गर्ने कार्यविधि बनाउनुका साथै सम्भव भएसम्म यस्ता कामबाट प्राप्त लाभमा आदिवासी जनजातिहरूलाई सहभागि बनाउनु पर्दछ । यस्ता कामबाट आदिवासी जनजातिहरूलाई कुनै हानि नोक्सानी भएमा क्षतिपूर्ति दिनु पर्दछ ।

आदिवासी जनजातिहरूलाई आफ्नो भूमिबाट बिस्थापित गर्न पाइदैन । अपवादको रूपमा विस्थापित गर्नैपर्ने आवश्यकता परेमा निजहरूको स्वतन्त्र पूर्व सुचुचित सहमति लिनु पर्दछ । विस्थापित गर्नुपर्ने कारणहरू समाप्त हुने बित्तिकै उनीहरूलाई आफ्नो पुरानो भूमिमै फर्कन पाउने अधिकार हुन्छ । उनीहरू फर्कन सम्भव नभएको अवस्थामा सम्भौतामा निर्धारण भए बमोजिम वा त्यस्तो कुनै पनि सम्भौता नभएको अवस्थामा उपयुक्त कार्यविधि अनुसार निजहरूको वर्तमान आवश्यकता र भावी विकासको लागि उनीहरूले पहिले ओगटेका जमिनको गुणस्तर र कानुनी हैसियत सरहको भूमि उपलब्ध गराउनु पर्दछ । प्रभावित आदिवासी जनजातिहरूले मौद्रिक क्षतिपूर्तिलाई प्राथमिकता दिएको खण्डमा उनीहरूलाई उपयुक्त जमानतमा मौद्रिक क्षतिपूर्ति दिनु पर्दछ । विस्थापित गराउँदा त्यसबाट हुन गएको हानीको पूर्ण क्षतिपूर्ति दिनु पर्दछ । आदिवासी जनजातिहरूले आफ्ना पुस्तालाई भूमि अधिकार हस्तान्तरण गर्न स्थापित गरेका कार्यविधिलाई सम्मान गर्नु पर्दछ ।

महासन्धिले सुनिश्चित गरेका अन्य अधिकार तथा व्यवस्थाहरूमा आदिवासी जनजातिहरूको रोजगारीको अधिकार, समान मुल्यको कामको लागि समान पारिश्रमिकको व्यवस्था, मजदूर सङ्घ खोल्ने अधिकार, राज्यहरूसँग सहमति/सम्भौता गर्ने अधिकार, जोखिमपूर्ण काम गर्नबाट अलग रहने अधिकार, महिला पुरुषबीच कामको लागि समान अवसरको अधिकार, यौनजन्य दुर्व्यवहारबाट संरक्षण पाउने अधिकार, व्यावसायिक तालिमको समान अवसर, हस्तकला, ग्रामीण र समुदायमा आधारित उद्योग तथा आदिवासी जनजाति समुदायको निर्वाहमूखी अर्थतन्त्र र शिकार खेल्ने, माछा मार्ने, पासो थाप्ने र जम्मा गर्ने जस्ता परम्परागत क्रियाकलापहरूलाई उनीहरूको संस्कृति सम्बर्द्धन तथा आत्मनिर्भरता विकासको रूपमा दिएको मान्यता, समुदायमा आधारित स्वास्थ्य सेवा, मातृभाषाको संरक्षण र मातृभाषामा शिक्षाको अधिकार आदि पर्दछन् । अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा बस्ने आदिवासी जनजातिहरूलाई बिना रोकटोक सीमा वारपार गर्ने र आर्थिक, सामाजिक, आध्यात्मिक र वातावरण क्षेत्रमा गरिने क्रियाकलाप लगायत उनीहरूबिचको सम्पर्क र सहयोग सहज बनाउन सरकारले अन्तर्राष्ट्रिय सम्भौता समेतका उपयुक्त उपायहरू अपनाउनु पर्दछ ।

सन् २००७ सेप्टेम्बर ४ मा नेपाल सरकारले अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि-१६९ पारित गऱ्यो । यो महासन्धि पारित गर्ने नेपाल दक्षिण एसियामा पहिलो देश हो । यो महासन्धि पारित गर्नुका पछाडि सन् २००६ को जनयुद्धको जगमा उठेको अप्रिल विद्रोह अर्थात् २०६२/०६३ सालको जनआन्दोलनको महत्वपूर्ण देन छ । जनआन्दोलनका बेला नेपालका आदिवासी जनजातिहरूले अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि-१६९ पारित गराउन नेपाल सरकारलाई माग गरेका थिए । उनीहरूले महासन्धि पारित गराउने आफ्नो माग सडकदेखि सदनसम्म पुऱ्याएका थिए । निरङ्कुश राजतन्त्रको विरोधमा भएको जनयुद्ध र जनआन्दोलनमा आदिवासी जनजातिहरूले पुऱ्याएको योगदानका कारण जनजातिहरूले उठाएको माग सरकारले पारित गऱ्यो ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि-१६९ नेपालको सन्दर्भमा अति महत्वपुर्ण अन्तर्राष्ट्रिय कानुन हो । यो कानुन लागु भएमा नेपालका उत्पीडित आदिवासी जनजातिहरूको भाषा संस्कृति, परम्परागत संस्था, प्रथाजन्य कानुन, परम्परागत ज्ञान, सीप, कला, प्रविधिको संरक्षण र प्रवर्द्धन गर्न, विकासमा उनीहरूको पहुँच र सहभागिता बढाउन, प्राकृतिक स्रोतसम्पदा माथिको अधिकार सुनिश्चित गर्न, राज्यमा उनीहरूको प्रतिनिधित्व बढाउन, शिक्षा, स्वास्थ्य र सरकारी सेवामा उनीहरूको प्रतिनिधित्व बढाउन मद्दत पुग्छ । यो कानुन लागु भएमा विकास र सडक निर्माण तथा विस्तार, विद्युत प्रसारण लाइन विस्तार, चक्रपथ विस्तार, सुक्खा बन्दरगाह निर्माण, बाँध निर्माण, वन संरक्षण तथा राष्ट्रिय निकुञ्जको विकास तथा वन्यजन्तुको संरक्षण आदिका नाममा अतिक्रमण गर्ने तथा उनीहरूको पूर्व सुसुचित सहमति बिना उनीहरूलाई उनिहरूको आफ्नै भूमिबाट विस्थापन गर्न पाइदैन । यो कानुन लागु भएमा संस्कृतिका धनी मानिने काठमाडौँका नेवाः समुदायको सांस्कृतिक सभ्यता र ऐतिहासिक तथा पुरातात्विक महत्वका मठ मन्दिरहरू विनास हुन पाउदैन । यो कानुन लागु भएमा प्राकृतिक स्रोत, विशेषगरी जल, जमिन र जङ्गलका आधारमा गुजारामूखी जीवन बिताई रहेका चेपाङ, माझी, बोटे, राजी जस्ता अति सीमान्तकृत र राउटे, कुसुन्डा, वनकरिया, कुशवाडिया जस्ता लोपोन्मुख आदिवासी जनजातिहरूको सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक अधिकार हनन् हुन पाउदैन । त्यसैले नेपाल जस्तो जनजातिहरूको बाहुल्यता भएको देशमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि-१६९ पारित भै लागु हुन नितान्त आवश्यक छ ।

### *नेपालमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन-१६९ को सान्दर्भिकता*

सन् २००७ मा महासन्धि पारित भएपछि नेपाल सरकारले नेपालको ३ वर्षे अन्तरिम विकास योजनामा महासन्धिलाई समावेश गऱ्यो । तर, त्यो जनजातिहरूको आँखामा छारो हाल्ने काम मात्र भयो । त्यसपछि महासन्धि कार्यन्वयन गर्न सरकारले सन् २००८ मा २२ सदस्यीय कार्यदल पनि गठन गरेको छ र स्थानीय विकास मन्त्रालयले महासन्धि कार्यान्वयनका लागि तार्किक ढाँचा (Logical Framework) तयार गर्न राष्ट्रिय कार्यशाला गोष्ठी पनि गरिसकेको छ । तर, जुनसुकै अन्तर्राष्ट्रिय सन्धि सम्भौता हस्ताक्षर गर्न पछि नपर्ने तर हस्ताक्षर भएका कुनै पनि सन्धि सम्भौता कार्यान्वयन नगर्ने बानी परेको दलाल नोकरशाही सरकारले यो अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि-१६९ पारित गरेको १४ वर्ष बिति सक्दा पनि यसको कार्यन्वयन गर्न अहिलेसम्म उदासीनता देखाएको छ । त्यसैले महासन्धि अहिलेसम्म कार्यन्वयन हुन सकेको छैन । यति लामो समयसम्म महासन्धि कार्यान्वयन हुन नसक्नुमा मुख्य जिम्मेवारी सरकार पक्षको छ किनकि नेपालको ब्राह्मणवादी र दलाल नोकरशाही सरकार नेपालका आदिवासी जनजातिहरूको विकास र अधिकार सहन गर्न सक्दैनन् । त्यसबाहेक यो महासन्धि कार्यन्वयन हुन नसक्नुमा आदिवासी जनजातिहरू र अन्तर्राष्ट्रिय श्रम सङ्गठन कार्यालय पनि जिम्मेवार छ । यो सन्धि कार्यन्वयन गर्न/गराउन त्रिपक्षीय सरोकारवाला संस्था (सरकार, आदिवासी जनजाति र अन्तर्राष्ट्रिय श्रम सङ्गठन कार्यालय) को क्रियाशीलता महत्वपुर्ण हुन्छ तर नेपालको सरकार अरूको हकअधिकार र सेवासुविधा सुनिश्चित हुने काममा अग्रसर हुदैन । जनजातिहरूले महासन्धि कार्यन्वयन गराउन सरकारलाई न दवाब सिर्जना गर्न सकेका छन् र पैरवी गर्न । त्यसैगरी अन्तराष्ट्रिय श्रम संगठन कार्यालयले महासन्धि अनुमोदन गराउनु आफ्नो कर्तव्य ठानेको छ । तर, त्यसको कार्यन्वयन गर्ने काम सरकारको जिम्मा छोडिदिएको छ । उसले महासन्धि पारित भएपछि त्यसको कार्यन्वयन भए/नभएकोमा सरकारको अनुगमन गर्ने, सरकारलाई ताकेता गर्ने काम गरेको छैन । महासन्धि कार्यन्वयन भए/नभएकोबारे उजुरी गर्ने प्रक्रिया पनि असजिलो छ । त्रिपक्षीय सरोकारवालामध्ये कुनै एक पक्षले मात्र सजिलै यसको कार्यन्वयन भएन भनेर उजुर गर्न सक्दैन । अर्को शब्दमा भन्ने हो भने अन्तर्राष्ट्रिय श्रम सङ्गठन कार्यालयमा उजुर गरेर पनि सुनुवाई हुदैन । त्यसैले अहिले नेपालमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि-१६९ यहाँका दलाल पुँजीवादी शासक र गैरआदिवासी समुदायहरूलाई तर्साउने हतियारको रूपमा र आदिवासी जनजातिहरूको लागि भर्ला र खाउला भन्ने फलको रूपमा मात्र रहेको छ ।

हामीले हाम्रो अखिल नेपाल आदिवासी जनजाति महासंघबाट पनि यस महासन्धीलाई लागू गराउन दवाव सृजना गर्नु पर्दछ । महासंन्धीमा उल्लेखित अधिकारहरू सुधारात्क प्रकारको मात्र भएर पनि आफुले हस्ताक्षर गरेको विषय लागु गर्न अनिच्छुक प्रतिक्रियावादी सामन्ती ब्रम्हाणवादी शासक तथा राज्यका विरुद्ध शसक्त संघर्ष उठान गर्नु पर्दछ । यसका लागि हाम्रो महासंघले आदिवासी जनजातिहरूलाई गोलबन्द गर्ने कष्टसाध्य काम गर्नु पर्दछ । हाम्रो महासंघको लक्ष्य महासन्धीमा उल्लेखित अधिकारभन्दा पनि माथि उठेर आत्मनिर्णयको अधिकारको स्वीकृतिसहित नेपालमा पहिचानसहितको संघीयता र स्वायत्तता लागु गराउने अझ महत्वपूर्ण कार्यभारलाई पनि पुरा गर्न गंभीर भएर लाग्नु पर्दछ ।

### *महत्वपूर्ण सामग्रीहरू*

अन्तराष्ट्रिय श्रम बिभाग (२०१०) । अभ्यासमा आदिवासी जनजाति अधिकारः अन्तरास्ट्रिय श्रम संगठन महासन्धि-१६९ को निदेशिका अन्त राष्ट्रिय श्रम संगठन महासन्धि-१६९ प्रबर्धन कार्यक्रम अन्तराष्ट्रिय श्रम संगठन मापदण्ड बिभाग ।

Anaya, James S. (1996). Indigenous peoples in international law. New York: Oxford Univrsity Press.

Gurung, Om (2008). Ratification of ILO Convention no.169 by Nepal. In newsletter 2008: Indigenous and tribal peoples. France: ILO office

*साभार : ह्याउँ निभाः वर्ष १० पूर्णङ्क ४ कार्तिक २०७८*


वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# यात्रा रोल्पाको, थालनी नयाँ जिम्मेवारीको



● हिरामणि दुःखी ●

*रोल्पा मूलतः सत्ताधारी पार्टीको प्रभावमा कैद छ । त्यसपछि विप्लव समुहको थोरातिनो प्रभाव रहेको छ भने हाम्रो पार्टी सम्पर्क कमिटीमा सीमित रहेको छ । अहिलेको सत्तामा रोल्पाकै उपराष्ट्रपति, सभामुखहरू, केन्द्र र प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरू, सांसदहरूको बाक्लो उपस्थिति रहेको र सत्ताधारी 'कम्युनिस्ट' पार्टीका केन्द्रीयतहका प्रभावशाली नेताहरू भएको तथा स्थानीय 'सिंहदरबार' सरकारी माओवादीको कब्जामा भएकाले पनि क्रान्तिकारी जनमत कमजोर भएको हो । उनीहरू रोल्पाका पुराना र जनयुद्धमा निर्णायक भूमिकामा रहेको हुनुले पनि रोल्पाली सोझासिधा जनतालाई आफूसँगै डोऱ्याएर संसोधनवादी सैय्यामा सति लैजान सफल भएका छन्*



१९ पुस २०७५ । बिहिबारको दिन । जाडो मौसमले तन्नेरी जोस देखाएर मान्छेका मुटु कठ्याङ्ग्रीने गरी हिर्काइरहेको थियो । वातावरण अत्यन्तै चीसो थियो । केही दिनदेखि घाम प्रस्टसँग लाग्न सकेको थिएन । घुर्मैलो घुर्मैलो थियो आकास । न प्रस्टसँग बादल फाट्न सकेको छ न त पानी नै पर्न सकेको छ । त्यसैले चीसो बढिरहेको थियो । पाहाडमा जाडोले शरीरको छाला चीसो बनाउँछ भने तराईको जाडो मुटु कमाउने खालको हुन्छ । हरेक वर्ष वातावरणमा आएको परिवर्तनको प्रभावले मौसममा पनि परिवर्तन आइरहेको छ । महाशक्ति राष्ट्रहरूले पृथ्वीको वायुमण्डलमा पारेको प्रदुषणको प्रभाव हामी जस्ता उत्पीडित मुलुकका नागरिकहरूले भोग्नु परिरहेको छ । मानव जातिका निम्ति आवश्यक्ता भन्दा बढ्ता निर्माण भइरहेका आणविक भट्टीबाट उत्सर्जित प्रदुषण तथा प्राकृतिक स्रोत सम्पदा र पर्यावरणीय दोहनले प्रकृति नै आक्रान्त भइरहेको छ । त्यसैले हरेक वर्ष वातावरण नै प्रतिकूल हुने गरी मौसममा परिवर्तन आइरहेको छ ।

म बिहानैदेखि रोल्पा यात्राको तयारीमा थिएँ । घरमा सानो किराना पसल भएकाले मैले आफू केही दिनका लागि बाहिर जानु पर्दा सामानहरू टन्नै भरिदिने गर्छु । त्यसैले त्यस दिन पनि बिहानभरी थोक पसलहरूबाट सामान सङ्कलन गर्ने काममा समय बित्यो । दुकानमा सामान टन्नै भरिदिएपछि देवीलाई सजिलो होस् भन्ने चाहन्छु म सँधै । जिल्ला सेक्रेटरी कमरेड शिशिरको प्रतीक्षा गर्दै घरको काममा व्यस्त भएँ । यसपटकको रोल्पा यात्रा मेरालागि नयाँ भूमिका सहितको थियो ।

दिउँसो एक बजे शिशिरजी आइपुग्नु भयो । मैले पनि युद्धकालीन स्लिपिङ ब्यागसिहत एकसरो कपडा, केही किताब, डायरी, पार्टीका सर्कुलर सेभिङ पर्स इत्यादि यात्राका सामान तयार गरेर झोला ठिक पारेँ । दिउँसो तीन बजे तुलसीपुरबाट रोल्पाको द्वारपानीसम्मका लागि ट्याक्सी जाने भएकाले हामी त्यसको पर्खाइमा बस्यौँ । देवीले रोटी, तरकारी र चिया तयार गरिदिइन् । हामीले पसलमै बसेर चिया नास्ता खायौँ र ट्याक्सी पार्कतिर हिँड्यौँ । तुलसीपुरबाट दिउँसो सवातीन बजे हामीलाई लोड गरेर हिँडेको ट्याक्सी राम्री, कपुरकोट, खाली, सिमपानी हुँदै बेलुका साढे छ बजे द्वारपानीमा हामीलाई अनलोड गऱ्यो । अक्सर नेपालका तराईबाट पाहाडतिर गुड्ने ट्याक्सीहरूले मान्छेलाई चढाउँदैनन्, लोड गर्छन् । रोल्पा कुद्ने ट्याक्सी किन अपवादमा पर्थ्यो र ? सिटमा बसेर सवार हुनुपर्ने मान्छे जिनिस बनेर गाडिवालाहरूको लोडिङमा परेपछि गन्तब्यसम्म पुग्दा त्यो मनुखे नामको जिनिसको हालत के भयो होला अनुमान लाउन कठिन पर्ला र ? त्यसपछि घैँटोबाट झिकेको आलो सिन्कीको हालतको शरीर लिएर हामी आधा घण्टाको ओह्रालो हिँडेपछि बेलुका सात बजे त्यसदिनको गन्तव्य स्थान नुवागाउँको बाँकुल पुग्यौँ । शिशिरजीको भाइको घरमा खाना खाइवरी उहाँकै साला माधवको घरमा सुत्यौँ । भोलीपल्ट त्यहीँ खाना खाएर लाग्यौँ रोल्पाको मध्यपूर्वी भाग लिवाङतिर । नुवागाउँ हुँदै लिबाङ जाने बस छुटिसकेको हुनाले घर्तीगाउँ जाने बस पकडेर दारबोटसम्म गयौँ । त्यहाँ जनयुद्धमा रोल्पाका प्रथम सहीद चोपबहादुरका बुबा र भाइ खिमविक्रमसँग भेट भयो । एक घण्टा जति त्यहाँ विश्राम लिँदै जनयुद्धकालका कुरा गऱ्यौँ । प्रचण्ड-बाबुराम र बादलहरूले गद्दारी गरी वर्गघात गरेर प्रतिक्रियावादी बाटो समातेको र युद्ध तुहाएको विषयमा लामै कुरा भयो । सहिद बुबा र भाइ सरकारी पार्टीमा संलग्न रहेको र स्थानीय जनप्रतिनिधि भएता पनि उनीहरू पनि वर्तमान सत्ताधारी पार्टीबाट सन्तुष्ट नभएको धारणा व्यक्त गरे ।

रोल्पा मूलतः सत्ताधारी पार्टीको प्रभावमा कैद छ । त्यसपछि विप्लव समुहको थोरातिनो प्रभाव रहेको छ भने हाम्रो पार्टी सम्पर्क कमिटीमा सीमित रहेको छ । अहिलेको सत्तामा रोल्पाकै उपराष्ट्रपति, सभामुखहरू, केन्द्र र प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरू, सांसदहरूको बाक्लो उपस्थिति रहेको र सत्ताधारी 'कम्युनिस्ट' पार्टीका केन्द्रीयतहका प्रभावशाली नेताहरू भएको तथा स्थानीय 'सिँहदरबार' सरकारी माओवादीको कब्जामा भएकाले पनि क्रान्तिकारी जनमत कमजोर भएको हो । उनीहरू रोल्पाका पुराना र जनयुद्धमा निर्णायक भूमिकामा रहेको हुनुले पनि रोल्पाली सोझासिधा जनतालाई आफूसँगै डोऱ्याएर संसोधनवादी सैय्यामा सति लैजान सफल भएका छन् ।

नेपालको राजनीतिमा आलोचनात्मक चेतलाई हरेक नेता कार्यकर्ताहरूको दिमागबाट वास गरिएको हुनाले सीमित टाठाबाठाहरूले जनतालाई आफ्नो पछिपछि कुदाउन सफल भएका छन् । बुर्जुवा पार्टीहरूमा त यो आलोचनात्मक चेत नै हुँदैन तर हुनुपर्ने कम्युनिस्ट पार्टीमा पनि संसदवादमा फसेपछि यो चेतलाई हरेक अगुवा कार्यकर्ताबाट पहिला नै फ्राइ गरिएको हुन्छ । र, उनीहरूलाई कि त दलालमा परिणत गरिन्छ या त आधुनिक दासमा । आलोचनात्मक चेत नभएका आधुनिक दास र दलाल कार्यकर्तालाई नेताले जता डोऱ्याए पनि खुरुखुरु हिँड्नुको विकल्प हुँदैन । अहिलेको रोल्पा त्यसैको शिकार भएको हो । त्यसैले क्रान्तिकारीहरू शिला खोज्नु पर्ने अवस्थामा पुगे ।


खिमविक्रमको आतिथ्यमा मिठो चिया पिएर हामी माडिचौरका लागि ठाडो ओह्रालो झऱ्यौँ । बेलुका माडिचौर झर्दा त्यहाँ सत्ताधारी पार्टीकै एकजोडी कार्यकर्तासँग हाम्रो जम्का भेट भयो । रोल्पा नगरपालिकाको उपप्रमुख समेत रहेकी कमला र उनका लोग्ने सम्वादसँग अचानक भेट हुँदा उनीहरू पनि आश्चर्यमा परे । तिनीहरूले माडिचौरमा त्यहाँका घरहरूको तुलनामा ठूलै घर बनाउँदै रहेछन् । उनीहरूसँग केहीबेर छेडछाड टाइपको कुराकानी भयो । तिनीहरू जनवाद आइसक्यो भनेर स्थानीय सत्ताका शासक समेत भइसकेका र हामी जनयुद्धको कार्यभार पूरा गर्न फेरी क्रान्तिको झण्डा बोकेर हिँडेका सिपाही । परन्तु हिज उनीहरू दुवैका हामी दुवै नेता बनेर युद्धमा सङ्गै लडेका सहयोद्धा । आज विपरित ध्रुवतिर हुँदा केही असहज र अनौठो महसुस हुने नै भयो । तैपनि हाम्रा बिचमा मैत्रीपूर्ण कुराकानी नै भए । अहिले उनीहरू जेजस्तो भूमिकामा रहेको भएता पनि उनीहरू भन्दा हिजै पनि म आफू उच्च तहको नेता भइटोपलेको हुनाले होला उनीहरूले मसँग बहस गर्नै चाहेनन् र गरेनन् पनि । बरू 'के गर्ने त सर ! खै हामी त यता लाग्यौँ क्यारे, तपाइँहरू अगाडि बढ्नुस् । हामीले त सकेनौँ' भन्दै नीरिहता प्रदर्शन गरे । पार्टी फरक भएता पनि उनीहरूले हामीलाई आत्मीयता पूर्वक नै बोलचाल गरे । हामी उनीहरूसित छुट्टियौँ । छुट्टिनेबेला दुबैले 'यता आउँदा हाम्रो घरतिर पनि पस्नुहोला है सर' भने । हामी अलिक परसम्म हिँडेर अटो पक्डेर लिवाङ पुग्यौँ । त्यहाँ हामी पत्रकार मानसिँहको सम्पर्कमा पुग्यौँ र उनकै आतिथ्यमा उनकै घरमा बास बस्यौँ ।

२१ गते बिहानै लिवाङबाट हामी चारजना ह्वामाको ठूलो गाउँ जानका लागि उकालो लाग्यौँ । सेक्रेटरी र मसँगै लिवाङबाट अरू दुई जना पार्टीका डिसिएम थपिनुभएको थियो । स्थानीयलाई दुई घण्टा लाग्ने ठाडो उकालो हामीलाई साढेचार घण्टा लाग्यो । यति लामो यात्रा गरेको यसपटक पहिलो थियो । जनयुद्धकालमा त दिनभर हिँडिन्थ्यो तर जनयुद्धको अन्त्य गरिएपछि लामो हिँडाइको पनि अन्त्य भएको थियो । फेरी लामो पैदल यात्रको सुरुआत भयो है भन्दै हामी चार जना गन्तव्यमा दिउँसो बाह्र बजे पुग्यौँ । त्यहाँ एकजना पार्टीका जिल्ला सदस्यको घरमा खाना लगभग तयार थियो । केहीबेर सुस्ताएर खाना खाइवरी हामी जिल्ला कमिटीको बैठकमा बस्यौँ । म पार्टीको केन्द्रीय सदस्यका रूपमा त्यस जिल्लाको इञ्चार्ज भएर रोल्पाको दोस्रो यात्रा तयगरेको थिएँ । त्यस अघि कुमार शाह जिल्ला इञ्चार्ज हुनुहुन्थ्यो । उहाँको भूमिका प्रकाशनमा भएपछि मेरो जिम्मेवारी परेको थियो । यसरी मेरो रोल्पा यात्राको नयाँ सुरुआत भएको थियो ।

*२ माघ २०७८, तुलसीपुर*

❑ यो साताको कविता

## क्यामेरा



❑ पञ्चकुमारी परियार ❑

*बा नेताहरूलाई*
*कहिले छाता ओढाउँदै*
*कहिले पिठ्युँमा बोकेर*
*उर्लदो भेलहरूमा*
*खोला तारिरहनुहुन्थ्यो*
*नेताहरूले दिएको आश्वासन*
*उत्पीडन मुक्त समाज*
*सम्वृद्धि युक्त देशको सपना देखिरहनुहुन्थ्यो*
*बा झुपडीमा फर्किन नपाउँदै*
*आतङ्ककारीको नाममा मारिएपछि*
*खोला रक्ताम्य भयो*
*हो त्यहीवेला शुरू भयो*
*मेरो तस्वीर खिच्ने सिलसिला*
*मलाई यतिबेला*
*बाको रगतको होइन*
*बाको सपनाको तस्वीर खिच्नुछ*
*महाशय बाको सपनाको तस्वीर आउँछ*
*तपाईको क्यामेरामा ?*

*नेताहरू मेरा बाको बुई चढेर*
*मेरा बाको रगत पसिनाले तिर्खा मेट्दै*
*मेरा बाकै टाउकोलाई सिँढी बनाएर*
*रातो कार्पेट टेक्दै*
*करोडौँको पजेरो चढ्दै*
*सिंहदरबार बालुवाटार हुँदै*
*शितल निवाससम्म पुगे*
*मलाई यतिबेला*
*बाको त्यागको तस्वीर होइन*
*नेताहरूको झुटको तस्वीर खिच्नु छ*
*महाशय सपना व्यापारीहरूको तस्वीर*
*आउँछ तपाईको क्यामेरामा ?*

*आमा यही खोलामा गिट्टी कुट्दै*
*आमा छोराको प्राण धानिरहेकी थिइन्*
*सामुहिक बलात्कार भएर मारिएपछि*
*मलाई यतिबेला*
*आमाको न्यानो काखको होइन*
*न्यायको पनि होइन*
*यौन पिपासुहरूसँगको लडाइँमा*
*आमाको अन्तिम साहस र चित्कारको*
*तस्वीर खिच्नु छ*
*महाशय आमाको प्रतिध्वनित चित्कार*
*आउँछ तपाईको क्यामेरामा ?*

*पत्रकार आएर तस्वीरहरू खिचेर फर्किए*
*सहिदपत्नी मारिएपछि*
*बच्चाको बेहाल भनेर*
*अखबारका पानाहरू भरिए*
*टेलिभिजनमा समाचार प्रसारित भएपछि*
*सरकार आउँछ भन्ने लाग्थ्यो*
*सरकारको सवारी*
*यो झुपडीको बाटो*
*आउँदै आएन*
*सम्वृद्धिको रङ्ग कस्तो हुन्छ*
*थाहा नै भएन*
*मलाई यतिबेला समाचार बन्नुको खुशीभन्दा*
*खाना नाना र छानाको*
*शिक्षा स्वास्थ्य र सुरक्षासहितको*
*तस्वीर खिच्नु छ*
*महाशय मेरो आफ्नै*
*फेरिएको रूपको तस्वीर*
*आउँछ तपाईँको क्यामेरामा ?*

*निभेको चुलो*
*चुहिँदो छानो*
*अर्धनग्न शरीर*
*अनिश्चित भविश्य*
*यही हुलिया लिएर हरेक पटक*
*तपाईँको क्यामेरा अघि उभिएँ*
*भोकलाई जोक्स ठानेर*
*गरिबीको रमिता हेर्ने मध्यको एक*
*मेरो तस्वीर खिच्ने मध्यको एक*
*तपाई पनि मेरो आत्मसम्मानमा*
*चोट थप्दै हुनुहुन्छ ?*
*मलाई यतिबेला*
*आफ्नो तस्वीर होइन*
*जनवाद प्राप्तीको फलाको हाल्दै*
*सम्वृद्धि आइसक्यो भन्नेहरूको*
*तस्वीर खिच्नु छ*
*महाशय*
*जोकरहरूको तस्वीर आउँछ*
*तपाईको क्यामेरामा ?*

*२०७८ वैशाख २२, सानागाउँ, ललितपुर*

## विप्लव...

गजुरेलले टिप्पणी समेत गर्नुभयो ।

क्रान्तिकारी कम्युनिस्टहरू एक ठाउँमा उभिन र संसदवादविरुद्ध नयाँ जनवादी क्रान्तिको लागि भन्दै उनले पुनर्मिलनमा आउन सबैलाइ आग्रह समेत गर्नु भयो ।

गजुरेलले भन्नु भयो, आखिरमा विप्लवले जनमतसंग्रहबाट समाजवाद आउँछ भन्नु र प्रचण्डजीले पनि शान्तिपूर्ण तरिकाबाट समाजवाद आउँछ भन्नु उस्तै-उस्तै हो । शान्तिपूर्ण तरिकाबाट र निर्वाचन गरेर समाजवाद आउँछ भन्ने कुरा मार्क्सवादमा लागू नहुने नेता गजुरेलले बताउनु भयो ।

विप्लव नेकपाले देश र जनताको लागि संघर्ष नभई ब्यक्ति केन्द्रित भई तीन बुँदे सहमति गरेको अहिले छताछुल भएको वरिष्ठ नेता गजुरेलले बताउनु भयो । क्रान्तिकारीहरूले अब यसरी नै पुर्नमिलन गर्दै सच्चा क्रान्तिकारीहरूलाइ एकता गर्दै अगाडी बढ्नु पर्ने बेला आएको नेता गजुरेलले बताउनु भयो ।

क्रान्तिकारी माओवादी निकट अखिल (क्रान्तिकारी) ले पार्टी कार्यालय ललितपुरको कुपोण्डोलको कार्यक्रममा बोल्दै नेता गजुरेलले अब पार्टी एकता नभए पनि पुर्नमिलन गर्दै छरिएर रहेका सच्चा क्रान्तिकारीहरूलाइ गोलबन्द गर्ने बेला आएको बताउनु भयो ।

अब एक पछि अर्को गर्दै क्रान्तिकारीहरू एक हुने बेला भएको र प्रचण्ड भन्दा पनि विप्लवले क्रान्तिकारी धारमा बढी विचलन ल्याउने काम गरेको नेता गजुरेलले टिप्पणी समेत गर्नुभयो।

क्रान्तिकारी कम्युनिस्टहरू एक ठाउँमा उभिन र संसदवादविरुद्ध नयाँ जनवादी क्रान्तिको लागि भन्दै उनले पुर्नमिलनमा आउन सबैलाइ आग्रह समेत गर्नु भयो।

विप्लव र प्रचण्डजी शान्तिपूर्ण तरिकाबाट र निर्वाचन गरेर समाजवाद आउँछ भन्ने कुरा मार्क्सवादमा लागू नहुने नेता गजुरेलले बताउनु भयो । विप्लव नेकपाले देश र जनताको लागि संघर्ष नभई ब्यक्ति केन्द्रित भई तीन बुँदे सहमति गरेको अहिले छताछुल भएको वरिष्ठ नेता गजुरेलले बताउनु भयो ।

त्यस्तै पुर्नमिलनमा आएका विद्यार्थी नेताहरूमा इश्वर सिंह साउद,भरत विक ,मनराज खड्का,प्रकाश न्यौपने,पुस्कर सिह क्षेत्री,सुदिप केसी,श्याम राइ,विष्णु महर्जन,महेन्द्र प्रकाश ओली,राम ब.तिरूवा,प्रभात भट्टराइ,विपिन विकलगायतका विद्यार्थी नेताहरूले क्रान्तिकारी माओवादी सम्वद्ध अखिल क्रान्तिकारीमा प्रवेश गर्नु भएकोछ ।

पुर्नमिलन कार्यक्रमको अध्यक्षता गरेका अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलले अबको यो पुर्नमिलन कार्यक्रमले हाम्रो विद्यार्थी संगठनमा नयाँ आयमको सुरूवात भएको बताउनु भयो ।

उहाँले भन्नु भयो अखिल (क्रान्तिकारी) नाम भएका विद्यार्थी संगठनहरू धेरै छन् , साच्चिकैको अखिल (क्रान्तिकारी)को कुन हो ? विद्यार्थीहरूको हकहितको लागि कुन संगठनले काम गर्छ, कुन अखिल (क्रान्तिकारी) शिक्षा र स्वास्थ्य सर्वशुलभ र निशुल्क हुर्नुपर्छ भन्दै सधैं सडक आन्दोलन गर्छौ,अरू संगठन फाइदा कहाँबाट हुन्छ, त्यही काम गर्छन् अध्यक्ष जगुरेलले भने । त्यस्तै अखिल (क्रान्तिकारी) की उपाध्यक्ष शीलु न्यौपानेले आफ्नो मन्तब्य राख्दै नयाँ प्रबेस गरेका हरूलाई स्वागत तथा सुभकामना दिनु भएको थियो । सो कार्यक्रमको संञ्चालन अखिल (क्रान्तिकारी)का महासचिव पेशल दाहालले गर्नु भएको थियो ।

प्रमुख अतिथि नेकपा क्रान्तिकारी माओवादी का स्थायी समिति सदस्य सीपी गजुरेलले एमसीसीका कारण सत्तारुढ गठबन्धन टुट्ने अवस्थामा पुगेको बताउनुभएको छ ।

पार्टी निकट विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीले आयोजना गरेको कार्यक्रममा बोल्दै उहाँले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका राज्यका मुख्य तीन अङ्ग असफल भइसकेको दाबी गर्नुभयो ।

अहिले गठबन्धन टुट्ने अवस्थामा पुगेको छ । कार्यपालिका,व्यवस्थापिकामा सङ्कट आएको उनीहरूले नै बताउने गरेको वरिष्ठ नेता गजुरेलले बताउनु भयो ।

प्रतिक्रियावादीहरूको एउटा हिस्साले सङ्कटै सङ्कट भनिरहेको छ। न्यायपालिकाको हालत हेर्नुस् त । सर्वोच्च अदालतको प्रधानन्यायाधीशको हालत कस्तो छ ?न्यायाधीशहरू काम गर्न छोडेर आन्दोलनमा छन्।

एउटा त्यही न्यायपालिका छ, भन्ने थियो त्यही पनि अहिले असफल भएको छ । त्यस्तै कार्यपालिकाको पनि अहिले असफल भएको छ । व्यवस्थापिकाको त अझ हालत सबैले देखि सकेका छौं असफल भन्नै पर्दैन होला गजुरेलले भन्नुभयो ।

देशको अर्थतन्त्रसमेत 'कोल्याप्स' हुने अवस्था पुगेको उल्लेख गर्दै यो सङ्कटबाट देशलाई निकास दिन कम्युनिस्ट क्रान्तिकारीहरू सहकार्यका साथ अघि बढ्नुको विकल्प नरहेको वरिष्ठ नेता सीपी गजुरेलले बताउनुभयो।

पार्टी निकट विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीले आयोजना गरेको कार्यक्रममा बोल्दै उहाँले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका राज्यका मुख्य तीन अङ्ग असफल भइसकेको दाबी गर्नुभयो । देशको अर्थतन्त्रसमेत 'कोल्याप्स' हुने अवस्था पुगेको उल्लेख गर्दै यो सङ्कटबाट देशलाई निकास दिन कम्युनिस्ट क्रान्तिकारीहरू सहकार्यका साथ अघि बढ्नुको विकल्प नरहेको वरिष्ठ नेता सीपी गजुरेलले बताउनुभयो ।

## एमसीसी...

महालेखा परिक्षक, राजनीतिक दलहरू र नागरिक समाजको ध्यान जानू पर्दैन र ?

९. नेपालको अहिलेको आबश्यकता विधुत निर्यात गर्ने कि आन्तरिक खपत गर्ने ? विधुतबाट चल्ने उधोग धन्दा विकास विस्तार गर्ने कि बिधुत विक्रि गर्न प्रशारण लाइन बनाउने ? झण्डै ३ खर्बको पेट्रोलियम पदार्थ, ग्यांस आयात गरेर डरलाग्दो व्यापार घाटा बढी रहेको स्थिति छ। व्यापार घाटा घटाउन आन्तरिक रूपले विधुत खपत गर्न ,प्रदुषण नियन्त्रण गर्न विधुतबाट संचालन हुने सवारीसाधनको व्यापक प्रयोग गर्न पर्ने स्थिति छ ।

नेपालमा अहिले पनि ४० प्रतिशत जनताले बिधुत उपभोग गर्न पाएका छैनन्। यस्तै ग्यांसमा आधारित खाना पकाउने चुलोलाई विस्थापित गरेर विधुतमा आधारित खाना पकाउने चुलोको प्रयोग गरेर यसका लागि देश भित्र विधुत प्रशारण लाईन बनाउने कि विधुत निर्यात गर्न विद्युत प्रशारण लाइन बनाउने ? आदि प्रश्नले नेपालको संविधानले परलक्षित गरेको विकासको आर्थिक समानता, सामाजिक न्याय र समतामूलक समाज स्थापना गर्ने संविधानको संकल्पमा असमानतामा आधारित विकासको एमसीसी परियोजनाले कुण्ठित गरेको छ ।

१०. एमसीसी परियोजना आइपिएसको महत्त्वपूर्ण अङ्ग हो । सैनिक गतिविधिसँग सम्बन्धित आइपिससँग गाँसीएको एमसीसी सम्झौता कार्यान्वयन भए असंलग्न परराष्ट्र नीति र सैनिक गठबन्धनमा सामेल नहुने नेपालको नीति र संविधान विपरित छ । *-साभार लोकपाटी*

## संघीयताबारे...

लगभग विगत २५२ वर्ष (वि. सं. १८२६) देखि राज्यले एउटै भाषा (खस नेपाली भाषा) , एउटै सँस्कृति (खस आर्य सँस्कृति), एउटै धर्म (हिन्दू) मात्र अंगाल्यो । राज्यले अंगालेको भाषा - जाति - संस्कृति वाहेक देशकै अरु सबै भाषा- जाति - संस्कृतिलाई शोषण भयो ।

खस नेपाली भाषा मात्र ज्ञान प्राप्ती, जागिर प्राप्तिको, सरकारी काम-काजको भाषा बन्यो, बनाइयो । अरु भाषाबाट यसो गर्ने कानुनी अधिकार दिइएन, छैन । शाहकाल र राणाकालमा सेना, पुलिस, सरकारी पद, निकायमा खास खास जातिलाई मात्र पठाउने र अरुलाई विकासको मूलधारबाट बाहिर राख्ने काम भयो । त्यसैले नेपालमा भाषिक, जातीय, सांस्कृतिक, क्षेत्रीय शोषण भएको स्पस्ट हुन्छ । यस्ता भाषिक, जातीय, सांस्कृतिक शोषण अन्त गर्न, सवैलाई समान अधिकार र अवसर दिन संघीयता चाहिएको हो ।

विविधतायुक्त देश नेपालमा एकल जातीय राष्ट्रवाद मिथ्यामात्र हुने भएकोले पहिचान र अधिकार सहितको संघीयताको कुरा आएको हो ।

***संघीयता राष्ट्रिय एकताको प्रतीक***

झुठा प्रचारले गर्दा संघीयता, राष्ट्रियता र जातीय मुक्तिजस्ता जनताका एजेण्डाबारे धैरै भ्रम फैलिएको छ। कतिलाई त संघीयता भनेकै देश बिखण्डन हो, एक भाषा एक भेष, एक सँस्कृति लाद्नु नै राष्ट्रियता हो, जातीय - भाषिक समानताको कुरा गर्नु नै जातीय द्वन्द निम्त्याउनु हो जस्तो भ्रम परसिकेको छ। तर कुरा त्यस्तो होइन ।

वहुजातीय, वहुभाषिक, वहुसाँस्कृतिक देशमा एक भाषा, एक जाति, एक सँस्कृतिलाई मात्र अधिकार दिइयो भने अरु भाषा, जाति, सँस्कृतिले प्रताडित भएको महसुस गर्छन् । विभेदले विद्रोह र विद्रोहले विखन्डन निम्तिन्छ । वहुजातीय, वहुभाषिक, वहुसाँस्कृतिक देशमा देशलाई विखण्डनवाट रोक्न संघीयताको आवश्यकता हुन्छ । संघीयताले सवै भाषा, जाति, धर्म, सँस्कृतिलाई समान अवसर र अधिकार दिने भएकोले यसले देशमा समुदाय समुदायवीच भावनात्मक एकता पैदा गर्छ । राष्ट्रिय एकता मजवुत पार्छ । देश मात्र होइन राज्य पनि मेरो हो भन्ने अपनत्वको भावना विकास गर्छ । यसैले वहुजातीय, वहुभाषिक, वहुसाँस्कृतिक देशमा संघीयता राष्ट्रिय एकताको प्रतीक मानिन्छ ।

राजतन्त्रमा राजसंस्थालाई जवरजस्ती एकताको प्रतीक भनेर प्रचार गरिए पनि राजतन्त्रको एक भाषा, एक भेष, एक संस्कृति नीतिले राजसंस्था वर्गीय मात्र होइन जातीय शोषणको पनि प्रतीक भएको प्रस्ट हुन्छ ।

***वहुभाषिक, वहुजातीय देशमा पहिचान सहितको संघीयता आवश्यक***

जातीय पहिचानको प्रदेश वहुभाषिक, वहुजातीय देशमा हुन्छ। एउटै जाति र भाषा भएको देश जापान, कोरिया आदीमा जाति र भाषाका पहिचानका आधारमा संघ राज्य आवश्यक हुँदैन र बन्दैन । युरोपमा पनि एक जाति एक देश छ। त्यसैले त्यहाँ पनि धेरैमा संघीयता छैन ।

***संघीयताका कारण देश एकतावद्ध***

संघीयताले देश टुक्रिएको उदाहरण छैन वरु एकतावद्ध चाही भएका छन् । संघीय राज्य भएका अमेरिका, भारत, क्यानाडा आदि कही पनि देश टुर्क्याउने अधिकार छैन, टुक्रिएको उदाहरण छैन वरु एकतावद्ध भएको छ । संघात्मक देशमा सबै जाति, जनजातिले समान अधिकार र अवसर पाउने भएकोले जाति जनजातिबीचको एकता बलियो भएर तीव्र विकास चाहि भएको छ ।

***एकतात्मक राज्य प्रणालीका कारण देश विखण्डित***

बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देशमा एकात्मक राज्य प्रणाली लागू गर्दा र जातीय अधिकार नदिइँदा देशै टुक्रिएका धैरै उदाहरण छन् । युगोस्लाभियाको विखण्डन, श्रीलंकाको द्वन्द, पूर्वी टिमोरको जन्म सबै एकात्मक राज्य प्रणाली लागू गर्दा र जातीय अधिकार नदिइँदा भएका हुन् ।

***शोषण र दमनमा आधारित एकता नक्कली, समानतामा आधारित एकता सक्कली***

कतिलाई एक भाषा एक भेष नितिले राष्ट्रिय एकता कायम हुन्छ भन्ने भ्रम छ। वास्तवमा राष्ट्रिय एकताको दुइटा तरिका छन्, एउटा निरंकुशता वा दमनमा आधारित नक्कली 'एकता', र अर्को समानतामा आधारित सक्कली एकता । एउटा माथिबाट बलजफ्ती लाद्ने वा फौजी शक्तिमा आधारित, अर्को जनस्तरबाटै यो राज्य मेरो पनि हो, यो राज्य भए मात्र मेरो अधिकार सुरक्षित हुन्छ भन्ने भावनात्मक एकतामा आधारित । एउटा अन्यायमा आधारित अर्को न्यायमा आधारित । साँचो अर्थमा शोषण र दमनमा आधारित एकता एकता नै होइन । त्यहाँ विद्रोहको वीउ लुकेको हुन्छ। समानतामा आधारित एकतामा मात्र विद्रोह हुँदैन । कथित नेपालीकरणको डोजरले अन्य भाषा संस्कृति मास्नु राष्ट्रिय एकता होइन जातीय नरसंहार हो ।

कतिपय मानिसहरूलाई सवैले आफ्नो मातृभाषा छोड्दै खस नेपाली भाषा वोल्नु र खस आर्य संस्कृति अंगाल्नुलाई नेपाली राष्ट्र निर्माणको अभियान नै भन्ठान्छन् । तर यो नेपाली राष्ट्र निर्माण होइन् वरु जातीय नरसंहार हो । यो खस आर्यको लागि ठूलो जाति अहंकारवाद हो भने अरु जातिको लागि जातीय आत्मसमर्पणवाद हो। यस्तो आत्मसमर्पणवादी चरित्रले पछि ठूला विदेशी भाषा, जातिप्रति पनि आत्मसमर्पण नै गर्छ, संघर्ष गर्दैन । त्यसैले यो देशघाती नीति समेत हो । नेपालीकरणको डोजरले अन्य भाषा संस्कृति मास्नु राष्ट्रिय एकता होइन जातीय नरसंहार हो । हिटलरको जातीय नरसंहारको नयाँ संस्करण हो ।

आफु वाँच्नलाई अरुलाई मार्नै पर्छ भन्ने सोच महेन्द्रीय रास्ट्रवाद हो । यो समाधानको वाटो होइन । असलमा अरुको विकास सँगसँगै आफ्नो पनि विकास गर्न सकिन्छ। यो संघीयता हो ।

***सत्ता वाहेक सवै भ्रम***

कतिपय मानिसहरू भाषा, संस्कृति आफुले वचाउने हो पहिचान र अधिकार सहितको प्रदेश मागेर हुँदैन भन्छन् । तर भाषा संस्कृति लोप हुँदै जानुमा व्यक्तिको कमजोरी भन्दा पनि सरकारको नीति र दमन नै मुख्य जिम्मेवार छ। सत्ताविहीन भएर भाषा, संस्कृति संरक्षण हुंदो रहेनछ भन्ने तथ्य त अहिलेसम्मको इतिहास र अनुभववाट पनि प्रस्ट हुन्छ । अझै सत्ता नहुने हो भने अवको ३०-४० वर्षमा कति भाषा संस्कृति लोप हुन सक्छ । सत्ता भएन भने अमेरिकामा नेटिभ रेड ईन्डियनको जस्तै हालत हुन सक्छ नेपाली आदिवासीको पनि । समयमा नै सचेत भएन भने अमेरिकामा नेटिभ रेड ईन्डियनहरू हराए जस्तै हराउन सक्छ नेपाली आदिवासी जनजाति पनि । त्यसैले सत्ता वाहेक सवै भ्रम भन्नेमा प्रस्ट हुन जरुरी छ ।

***सानो देशमा पनि संघीयता हुन्छ***

नेपाल भन्दा धेरै सानो देश स्विजरल्याण्डमा पनि संघीयता छ, ४ वटा भाषालाई राज्य भाषाको मान्यता दिइएको छ । देश सानो वा ठूलो भन्दा पनि देशको विशेषता र आवश्यकता अनुसार संघीयता आवश्यक पर्छ। वहुजातीय, वहुभाषिक, वहुसाँस्कृतिक र भौगोलिक विविधतता भएको देशमा सवैलाई समान अधिकार र अवसर दिनलाई संघीयता आवश्यक हुन्छ ।

***पाँच विकास क्षेत्र समाधान होइन***

विकेन्द्रीकरण संघीयताको एउटा पाटो मात्र हो तर मुख्य कुरा विकासको मुलधारवाट सदियौदेखि विमुख पारिएका जनतालाई मूलधारमा ल्याउनु र समान अधिकार र अवसर दिनु हो। मुक्ति र अधिकार जनतालाई चाहिएको हो, ढुङ्गा माटोलाई होइन । त्यसैले उत्पीडित समुदायको क्लस्टर वैज्ञानिक ढंगले मिलाएर प्रदेश वनाउनु पर्ने हुन्छ। पाँच विकास क्षेत्रमा त्यस्तो वैज्ञानिकता छैन ।

***चीन र भारतबाट सिकौं***

चीनमा संघीयता नै नभनिए पनि भाषा, जाति, संस्कृति र जनतालाई अधिकार दिइएको छ, समानता छ । चीनमा जातीय पाहिचानका आधारमा प्रान्तहरू दिइएका छन् । अग्राधिकार दिइएको छ ।

चीनमा ५ वटा स्वशासित क्षेत्रहरू छन्, तिब्बत, इनर मंगोलिया, गुअङ्क्सी इत्यादी । स्वशासित क्षेत्रमा अग्राधिकार दिइएको छ। अल्पसंख्यकलाई आफ्नो जनसंख्याको प्रतिशत भन्दा धेरै प्रतिशत स्थान सुरक्षित गरिएको छ ।

भारतमा पनि नागाल्यान्ड, तामिल नाडु, गुजरात, पन्जाब आदी प्रान्तहरू नाम मात्र भए पनि पहिचानको आधारमा दिइएको छ। सिक्किमको जनसंख्या लगभग ६ लाख र क्षेत्रफल ७,०९६ वर्ग किमी मात्र छ तर त्यहाँ ११ वटा सरकारी कामकाजको भाषा छन्, जब कि नेपालमा जनसंख्या लगभग ३ करोड र क्षेत्रफल १,४७,१४१ वर्ग किमी छ, तर सरकारी कामकाजको भाषा १ वटा मात्र छ। भारतमा खस नेपाली भाषी ० .२८ % मात्र छ तर पनि सरकारी कामकाजी मान्यता छ । सिक्किममा त्यहींका जनताले मात्र जग्गा किन्न पाउने अग्राधिकार दिइएको छ । जनतालाई अधिकार कसरी दिन सकिन्छ या दिइन्छ भन्ने कुरा छिमेकी देश चीन र भारतबाट पनि सिक्न सकिन्छ ।

समृद्धिको आधार संघीयता वा समानाता हो

देश विकास गर्नको लागि शान्ति र स्थायित्व चाहिन्छ। शान्तिको लागि सवै भाषा जातिलाई समान अधिकार र अवसर दिन पर्छ। यसको लागि संघीयता चाहिन्छ। समृद्धिको आधार समानता हो। समृद्धि भन्नाले आर्थिक मात्र होइन समान अधिकार, समान अवसर, भाषा संस्कृतिको संवर्द्धन, प्रवर्द्धन, समानता, स्वतन्त्रता सवै हिसावले पनि हेर्न पर्छ ।

***संघीयता विदेशीको होइन वरु जनताको पवित्र एजेण्डा***

संघीयता र जातीय मुक्तिजस्ता एजेण्डा देश बिखण्डन गर्न ल्याइएका वा बिदेशीले गर्दा उठाइएका वा हचुवाको भरमा बनाइएका अनावश्यक बिषय जस्तो प्रचार पनि गरिन्छ । तर यो सही कुरा होइन । यी एजेण्डा त ठोस परिस्थितिको ठोस विश्लेषण सहित अत्यन्त सुविचारित ढंगले ल्याइएका जनताका पवित्र एजेण्डा हुन्। देशमा विद्यमान अन्याय, अत्याचार अन्त्य गर्न तथा सवै जनतालाई समान अधिकार दिई सवै भाषा-धर्म-जाति-सँस्कृतिवीच वास्तविक एकता कायम गर्न, सबैलाई मूलधारमा ल्याई देशको द्रुत विकास गर्न ल्याइएका जनपक्षीय एजेण्डा हुन् ।

***आत्मनिर्भर त जिल्ला र देश पनि छैन***

सामर्थ्यको अतिरंजित कुरा गर्ने जनविरोधीहरूले ७७ जिल्लामा १०, १२ वटा जिल्ला मात्र आत्मनिर्भर भएको कुरा भन्दैनन् । नेपाल देश नै विदेशी ऋण र सहयोगबाट चलेको देश हो र यस्तो स्थिति किन निम्तियो भन्ने वारे वोल्दैनन् । तर एकोहोरो प्रदेशको सामर्थ्यको मात्र कुरा गर्छन्, यो पूर्वाग्रह हो ।

***सबै जातिलाई मुक्ति दिन सकिन्छ***

भ्रमका आविष्कारकहरू सबै जातिलाई राज्य चाहियो, सयौं राज्य दिन सकिन्छ त भन्छन् । यो न आवश्यक छ, न यो माग नै हो । सबै जातिलाई राज्य होइन मुक्ति र समानता दिन सकिन्छ। राज्य बनाउन आकार र संख्या नभएका जातिलाई स्वशासित क्षेत्र, इलाका बनाएर अधिकार सम्पन्न बनाउन सकिन्छ। एउटा जातीय राज्यभित्र वाहुल्यता अनुसार अर्को जातिको स्वशासित क्षेत्र, इलाका बनाएर अधिकार सम्पन्न बनाउन सकिन्छ। जस्तैः नेवाः राज्यभित्र पनि कुनै ठाउँमा तामाङहरूको बाहुल्य वस्ती छ भने त्यसलाई नेवाः राज्य अन्तर्गत तामाङ स्वशासित क्षेत्र वा इलाका बनाएर अधिकार दिन सकिन्छ ।

***'टोकनाइजेसन'को बिरोध गरौं : गुणात्मक फरक बुझौं***

कति मानिसहरू मधेशी पनि राष्ट्रपति भैसके, नेवार पनि राजाको मुख्य सचिव भैसके, सबैले अधिकार पाइसके, संघीयता आवश्यक छैन भन्छन् । तर केही मानिस पदमा पुग्नु र पूरा जाति वा समुदायले अधिकार वा अवसर पाउनु धैरै फरक कुरा हो ।

केही मानिसलाई पद दिई पूरै जातिलाई शोषण गर्नु ठूलो षडयन्त्र हो। यसलाई टोकनाइजेसन भनिन्छ। जस्तै, राजतन्त्रले पूरै नेवाः जातिलाई शोषण गर्यो, भूमि, भाषा, संस्कृति आदिमा । बिना मुआव्जा जग्गा हडपेर दरवार, महल वनायो, भाषा संस्कृतिमाथि शोषण गर्यो। तर शोषण गरेको छैन झैं पार्न अझ अधिकार दिएको झै देखाउन एक जना नेवाःलाई मुख्य सचिव वनायो। यो जनताको आखाँमा पट्टी लाउने या छारो हान्ने काम हो ।

केही मानिस पदमा पुग्नु र पूरै जातिलाई जातीय अधिकार हुनु संख्यात्मक रूपमा मात्र होइन गुणात्मक र राजनीतिक रूपमा समेत धैरै फरक कुरा हो ।

***दीगो शान्ति र प्रगतिको लागि संघीयता***

नेपालमा कसैले जातीय राज्य मागेको छैन। बरु ऐतिहासिकताको आधारमा सभ्यताको आधारमा पहिचान मागेको हो । पहिचान सहितको संघीय प्रदेश मागेको हो । थारु जाति हो तर थारुवान सभ्यता हो, मगर जाति हो मगरात सभ्यता हो, त्यस्तै तमुवान, ताम्सालिङ, नेवाः राज्य या नेपाल मण्डल, लिम्बुवान सबै ऐतिहासिक सभ्यता हो । पहिचानसहितको संघराज्य भए पनि मुद्रा, रक्षा, यातायात, परराष्ट्र, जलविद्युत, हवाईसेवा, ठूल-ठूला सिचाई तथा राष्ट्रिय योजनाहरूमा केन्द्रीय राज्यकै अधिकार रहने हुनाले जातीय द्वन्द्व आदि समस्या हुँदैन । बरु स्थानीय स्रोत, साधनको राम्रो परिचालन, कला, संस्कृतिको संरक्षण र सम्बर्धन हुन्छ। आन्तरिक द्वन्दवाट मुक्त भई दीगो शान्ति र विकास हुन्छ ।

यो वा त्यो नाममा शोषण कायमै रह्यो भने, आफ्नै थातथलोमा आफै उत्पीडित भएको चेतना व्यापक भयो भने पछि, अन्त्यहिन युद्ध हुन सक्छ, इजरायल - पालेस्टाइन युद्ध जस्तै। यसवाट नेपालले पाठ सिक्नु पर्छ, अहिले नै सचेत हुनु पर्छ । देश र जनताको मुक्ति र प्रगति चाहने हो भने सही र साँचो अर्थको पहिचान र अधिकारसहितको संघीयता आवश्यक हुन्छ। संघीयता विकेन्द्रकरण, भाषा, भूमि, संस्कृतिको संरक्षण, समान अधिकार, सन्तुलित र शीघ्र विकासको लागि हो, नेता 'व्यवस्थापन'को लागि होइन ।

***साभार : ह्याउँ निभाः वर्ष १० पूर्णाङ्क ४ कार्तिक २०७८***

## क्रान्तिकारी...

सम्पन्न गरेको छ ।

क्रान्तिकारी युवा लिगका केन्द्रीय महासचिव दिल बहादुर कठायतले कार्यक्रम सञ्चालन गर्दै देश अहिले गम्भीर सङकटमा फसेको दलालहरूले राष्ट्र राष्ट्रियता बन्धन राखेर एमसीसी जस्तो राष्ट्रघाति सम्झौता सँसदबाट अनुमोदन गरेर साम्राज्यवादी हरूको बफादार पाले बन्न खोजेको हुदा स्वाभिमानी नेपाली जनताको जनदबाब सृजना गरेर दलालहरूलाई अमेरिकातिरै लखटनुपर्ने धारणा राख्नुभएको थियो।

कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चा दाङका अध्यक्ष ईश्वरी प्रसाद गैरेले देश अहिले सङकटमा रहेको यो सङकटबाट देशलाई मुक्त गर्न दलालहरूलाई समयमै ठेगान लगाउनुपर्ने , हप्तैपिच्छे जनताको ढाड सेक्नेगरि पेट्रोलियम पदार्थको मुल्यबृद्दि गर्ने , राष्ट्र राष्ट्रियताको बिरुद्ध असंलग्न परराष्ट्र विपरीत एमसीसी परियोजना सँसदबाट अनुमोदनगरेरअमेरिकीसेनाहरूलाई खुल्लमखुल्ला नेपालमा भित्र्याउने योजनामा नेपाली दलालहरू तम्सिएकाछन ।

उक्त परियोजनालाई सँसदबाट समयमै रोक्न सकिएन भने नेपालले पनि अफगानिस्तानको जस्तै अबस्था भोग्नुपर्ने दिन पर्खनुपर्ने छ। अमेरिकीहरू रणनीतिक महत्व क्षेत्रमा रहेको नेपाली भुमिमा रहेको महत्त्वपूर्ण खनिजपदार्थमा आँखा गाडेको भन्दै सम्पुर्ण नेपाली जनता एकजुट भएर आन्दोलनमा उत्रनुपर्ने बाध्यता आएको कुरा राखे उनले अगाडि भने २०२० को दशकमा चिनियाँ जनताको बिरुद्धमा यी साम्राज्यवादी मुलुकले हाम्रो हिमाली जिल्लामा खम्पा बिद्रोहीलाई उस्काएर चिन र तिब्बतका बिरुद्धमा ठुलो बिद्रोह भएको थियो। तर तत्कालीन सरकारले नेपाली सेना प्रयोग गरेर खम्पा बिद्रोह दमन गरि लखटेको इतिहास साँक्षी छ। एमसीसी बिकासे योजनाका नाममा अमेरिकी रक्षा मन्त्रालयले हिन्द प्रशान्त सैन्य रणनीति क्ष्एक् को अभिन्न अंग हो भनेरै बिज्ञप्ती निकालेको कुरा बिबिसी नेपाली सेवा मार्फत र उसको बिज्ञप्तीले प्रष्ट पारेको हुदा या एमसीसी बिकाशे नाममा घुमाउरो प्रक्रियाबाट अमेरिकी सेना नेपाल भित्र्याउने र चिन रुस कोरिया समेत घेर्ने र नेपाललाई रणभुमिमा रूपान्तरण गर्ने योजना अन्तरगत यो परियोजना आएको कुरा राख्दै एमसीसी सँसदबाट पास गर्ने होइन यसलाई खारेजी गर्नुपर्ने कुरा राख्दै सम्पूर्ण नेपाली जनता आन्दोलनमा आउन अपिल गरे ।

सरकारले हालै गरेको पेट्रोलियम पदार्थको मुल्यबृद्दिले जनताको ढाड सेक्ने गरेकोले तत्काल मुल्यबृद्दि फिर्ता लिन माग गर्दै लिपु लिम्पियाधुरा का बारेमा यो सरकार किन मौन छ भन्ने कुरागर्दै नेपाली भुमिबाट बिदेशी सेना हटाउन सरकारले कुटनैतिक तथा अन्तर्राष्ट्रिय दवाब सृजना गर्नु पर्ने माग गरे ।

***कपिलवस्तुमा विरोधसभा सम्पन्न***

नेकपा (क्रान्तिकारी माओबादी)को आयोजनामा भिषण झरी तथा पर्तिकुल मौषमका बाबजुद देशका अधिकाङ्स जिल्लाहरूमा अमेरिकी साम्राज्यवादीको राष्ट्रघाती परियोजना एमसिसि तथा भारतीय बिस्तारबाद द्वारा नेपाली भूमीमाथि भैरहेको हस्तक्षेपका बिरुद्द बिरोध पर्दशन कार्यक्रमहरू सानदार रूपमा सम्पन्न भएको खबर छ।

यसैक्रममा कपिलवस्तु जिल्लाको गोरुसिङ्गेको अर्घाखाँची चोकमा नेकपा (क्रान्तिकारी माओवादी) कपिलवस्तु जिल्लाले पर्तिकुल मौसमका बीच कोणसभा गरि बिरोध कार्यक्रम सम्पन्न गरेको छ। पोलिटब्युरो सदस्य तथा जिल्ला इन्चार्ज धनेश्वर पोख्रेलको नेतृत्वमा भएको उक्त कार्यक्रममा जिल्ला इन्चार्ज पोख्रेल र देजमो लुम्बिनी पर्देश उपाध्यक्ष पिताम्बर आचार्यले सम्बोधन गर्नु भएको थियो।

सम्बोधनको क्रममा उहाँहरूले राष्ट्रियता यतिबेला गम्भीर सङ्कटमा परेको कुरा दर्साउदै अमेरिकी साम्राज्यवाद र भारतीय बिस्तारबादको हस्तक्षेप दिनानुदिन बढ्दै गएकाले त्यसका बिरुद्ध सबै जनता सडकमा आउनुपर्ने बताउनु भयो। साथै बर्तमान गठबन्धन देउवा सरकारले राष्ट्र र जनताको हित बिपरित एमसीसी जस्तो राष्ट्रघाति र जनघाती परियोजनालाई जबर्जस्त सन्सदबाट पास गरे मुलुकमा रक्तपात हुने र राष्ट्रघाती तत्वहरूलाई जनताले कुनै हालतमा माफी नदिने र शख्त कार्बाही गरेरछाड्ने बताउनु भयो । साथै उहाँहरूले गठबन्धन सरकारी पार्टी र एमाले, पार्टीका कार्यकर्ताहरूलाई राष्ट्रघाती नेताहरूको बिरुद्ध सडकमा आउन अनुरोध गर्दै नआए जनताले कार्बाही गर्ने चतावनी समेत दिनुभयो। कार्यक्रमको सञ्चालन देजमो जिल्ला अध्यक्ष ज्ञानीराम पुरीले गर्नु भएको थियो। कार्यक्रममा सयौजनता र कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

***चितवनमा विरोधसभा सम्पन्न***

अमेरिकाको साम्राज्यवादी मिसनमा आधारित एमसीसी सम्झौता, जुन नेपालको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको प्रतिकूल छ, लाई जसरी पनि नेपालको संसदबाट अनुमोदन गराउन अमेरिकाले दबाब दिइरहेको छ र यहाँका संसदवादी दलहरू खासगरी कांग्रेस र एमाले संसदबाट अनुमोदनका लागि अमेरिकाको निर्देशन अनुसार दौडधूप गरिरहेका छन्, त्यही एमसीसी सम्झौता खारेजीको माग गर्दै मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले आज अर्थात् माघ २१ गत्ते देशव्यापी विरोध प्रदर्शनको आयोजना गरेको छ ।

वक्तव्यमार्फत् महासचिव किरणले सो विरोध प्रदर्शनको कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि सम्बन्धित पार्टी कमिटीका कमरेडहरूलाई निर्देशित गर्नुका साथै सबै जनवर्गीय सङ्गठन तथा मोर्चा सहित आम देशभक्त, प्रगतिशील, जनवादी तथा वामपन्थी मित्रहरू र शुभचिन्तकहरूलाई विशेष अनुरोध समेत गर्नु भएको थियो ।

यसै शीलशीलामा नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला समिति चितवनको आयोजनामा एमसीसी खारेजीका लागि २१ गते (आज) विरोध प्रदर्शनसफलतापूर्वक सम्पन्न गरिएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी) र त्यससँग सम्वन्धीत सबै जनवर्गीय संगठनहरूका नेतागण तथा कार्यकर्ता र जनसमूहको सहभागितामा गगनभेदी नारा, व्यानरसहीत नाराणघाट बजार परिक्रमा गरी कोणसभमा परिणत भएको थियो। अखिल नेपाल जनसांस्कृतिक महासंघ चितवन जिल्ला समिति अध्यक्ष रवीकिरण नीर्जीवको अध्यक्षतामा भएको उक्त कोणसभामा अखिल नेपाल जनसांस्कृतिक महासंघ केन्द्रीय सचिव गौरी देवकोटा र केन्द्रीय उपाध्यक्ष मोदनाथ मरहट्टाले कविता बाचन गर्नु भएको थियो भने कोणसभालाई नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला समिति चितवनका सेक्रेटरी अशोकले सम्वोधन गर्नु भएको थियो। कोणसभाको सञ्चालन प्रकाश खनालले गर्नु भएको थियो ।

स्मरण रहोस् कि क्रान्तिकारी माओवादीले देशको स्वाधीनताको रक्षा, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको विषयलाई पार्टीको मुख्य मुद्दा बनाउँदै यो पार्टीले सडकबाट सदन र सरकारका राष्ट्रघाती र जनघाती कामहरूको डटेर विरोध गर्दै आएको छ ।

## पेट्रोलियम...

अध्यक्ष-अम्बिका मुडभरी, नेपाल राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवि मञ्च, नेपालका अध्यक्ष हुकुम बहादुर सिह, अखिल नेपाल जनसास्कृतिक महासंघका महासचिव हिरामणि दुखी, क्रान्तिकारी युवा लिग ,नेपाल, अध्यक्ष-अमीर महर्जन, क्रान्तिकारी पत्रकार महासंघ अध्यक्ष -नारायण पंगेनीले जारी गरेको वक्तव्यमा पटक पटक मुल्यवृद्धि गरेर जनजीविकाप्रति संवेदनहिनता दर्शाइरहेका सत्ताधारी शक्तिहरू, आयल निगम तथा सरकारी रवैयाका विरुद्ध सडक संघर्षमा उत्रनु अत्यावश्यक भैसकेको जनाएको छ ।

वक्तव्यमा भनिएको छ, "दैनिक उपभोग्य वस्तुमा भैरहेको निरन्तरको मुल्यवृद्धिले जनताको दैनिक जीवन कष्टकर भैरहेको बेला पेट्रोल/डिजेल/मट्टीतेलमा रु ३ रूपैयाँ तथा आन्तरिक हवाई इन्धनमा १० रूपैयाँ थप मुल्य वृद्धिले यातायात क्षेत्रका अलावा अन्य वस्तु तथा सेवाका क्षेत्रमा समेत मुल्य वृद्धि भइ बजार भाउ आकासिने क्रमले तिब्रता पाउने निश्चित छ ।

आयल निगमले मुल्य समायोजन गर्न पर्नुको कारण अन्तर्राष्ट्रिय बजारमा भएको मुल्य वृद्धिलाई देखाएता पनि त्यो मुख्य कारण होइन बरु झण्डै आधा दर्जन शिर्षकमा लगाइएको राजश्व तथा कर, प्रशासनिक भ्रस्टाचार, सत्तारूढ दलहरूका लागि खर्चको जोहो, फजुल खर्च लगायत कारण मुख्य जिम्मेवार रहेको स्पष्ट छ ।

यसरी पटक पटक मुल्यवृद्धि गरेर जनजिविकाप्रति संवेदनहिनता दर्शाइरहेका सत्ताधारी शक्तिहरू, आयल निगम तथा सरकारी रवैयाका विरुद्ध सडक संघर्षमा उत्रनु अत्यावश्यक भैसकेको छ । अतः हामी नेकपा (क्रान्तिकारी माओवादी) संबद्ध जनवर्गिय संगठन तथा मोर्चाका तर्फबाट नेतृत्वदायी भुमिका खेल्न प्रतिबद्ध रहेको जानकारी गराउदै जनसमुदायलाई पनि सक्रियतापुर्वक त्यस दिशामा भुमिका खेल्न विशेष अनुरोध गर्दछौं ।

## आलोपालो

# एमसीसी सम्झौता किन असंवैधानिक छ ?


● प्रेमलकुमार खनाल ●

१. सन् २०१७ मा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्की र एमसीसी कम्पनीका कर्मचारीबीच भएको यो सम्झौता सार्वभौमिक देशको सरकारको स्टाटसको हिसाबले पनि ठिक छैन ।

२. एमसीसी सम्झौता गरिदा शुरुमा यो सम्झौता संसदबाट अनुमोदन गर्ने उल्लेख थिएन। तर, तत्कालीन अर्थमन्त्री डाक्टर युवराज खतिवडाले मन्त्रीपरिषदबाट कुनै छलफल र निर्णय नगरि कानुन मन्त्रालयका शाखा अधिकृतले दिएको रायका आधारमा संसदले अनुमोदन गर्न संसदमा अर्थमन्त्रीले दर्ता गराए पछि मात्रै एमसीसीको बारेमा छलफल,बहस,विरोध शुरुआत भएको हो। सरकारलाई रायपरामर्श दिने कानुन मन्त्रालय नै अन्तिम निकाय हो र ?

३. महान्यायाधिवक्ताको कार्यालय सरकारलाई रायपरामर्श दिने अंग हो। नेपाल सरकारलाई सल्लाह सुझाव दिन स्थापना भएको यो संबैधानिक अंगलाई थाहा नदिइकन किन कानुन मन्त्रालयका शाखा अधिकृतको रायका आधारमा संसदमा पेश गरियो ? किन उक्त राय मन्त्रिपरिषद्को बैठकमा छलफल गरिएन ? र सोझै संसदमा पेश गरियो ?

४. के एमसीसी सम्झौता संसदले अनुमोदन गर्ने विषय हो ? नेपाल सरकार र एमसीसी कम्पनीविच विकास परियोजना सञ्चालन गर्न भएको सम्झौता के संसदले अनुमोदन गर्नु पर्दछ ? संविधानको धारा १५८ अनुसार के यो संझौता प्राकृतिक श्रोत वांडफाड संग सम्बन्धित संझौता हो र ? संसदले अनुमोदन गरिदिनु पर्ने ? उसो भए अब सबै वैदेशीक परियोजना संसदले अनुमोदन गर्न पर्ने स्थिति उत्पन्न हुनेछ ।

५. यदि एमसीसी सम्झौता संसदले अनुमोदन गरिदिए पछि नेपालको संविधान, संसद,नेपाल सरकार र सर्वोच्च अदालतका कुनै पनि नियम भन्दा माथि अमेरिकन कानुन लागू हुने उल्लेख छ। र यसमा नेपाल सरकारले कुनै पनि नियमन,अनुगमन गर्न पाउदैन। के यस्तो सम्झौता संबैधानिक हुन सक्छ ?


६. एमसीसी संझौता नेपालको मौलिक सोच र मन्त्रीपरिषदको निर्णय विपरीतको संझौता भएकोले नेपालको संविधान र सार्वभौमिकतामा आंच पुग्ने संझौता भएकोले यो संविधान विपरीत छ। अन्तर्राष्ट्रिय कानुन अनुसार पनि देशको सार्वभौमिकतामा, आत्मनिर्णयको अधिकार र समानताको अधिकारमा असर र प्रभाव पार्ने भएको हुदा यो संझौता असंवैधानिक छ ।

७. नेपालको महालेखा परिक्षक संबैधानिक अंगहो। राज्यकोषबाट खर्च हुने हरेक शीर्षकका रकमको स्वतन्त्र रूपमा लेखापरीक्षण गर्ने अधिकार राख्दछ। र यश अर्थमा महालेखा परिक्षक सरकारका काममा चेक एण्ड व्यालेन्स स्थापित गर्ने संबैधानिक अंगहो। एमसीसी परियोजनामा एमसीसीले ५० करोड अमेरिकन डलर र नेपाल सरकारले पनि १३ करोड अमेरिकन डलर संयुक्त लगानी गर्ने परियोजना हो। तर नेपाल सरकारबाट खर्चहुने वा लगानी हुने यो परियोजनामा एमसीसीले तोकिदिएका चार्टर्ड एकाउन्टेन्टबाट गराउने सहमति गरेर मात्रै लेखापरीक्षण गर्ने उल्लेख गरेको छ। के यसले संबैधानिक अंगको रूपमा रहेको महालेखा परिक्षकको अधिकार कुण्ठित गरेको छैन र ?

८.नेपाल सरकारबाट खर्च हुने रकम संसदबाट अनुमोदन नभई खर्च गर्न पाइदैन। तर एमसीसी सम्झौता नत मन्त्रिपरिषद्बाट अनुमोदन भयो ? नत संसदले एमसीसी परियोजनामा लगानी र खर्च गर्न अनुमति नै दिएको छ। तर एमसीसीबाट कुनै पैसा नआइकन भटाभट सरकारी ढिकुटीबाट पैसा खर्च गरेर महँगो भाडा तिरेर पाँच तारे होटलमा एमसीसीको अफिस खडा गर्नु, कहि पनि छलफल र अनुमोदन नहुँदै एमसीसी परियोजना संचालनका नाममा नुवाकोटको रातमाटेका किसानको जग्गा लिएर महंगो मूल्यमा मुअब्जा भुक्तानी गर्नु के संबैधानिक काम भइ रहेको छ ? के यसरी जथाभावी रूपमा भई रहेको खर्च आर्थिक नियम अनुसार बेरुजु कायम गर्नु पर्ने होइन र ? यस्तो विवादास्पद परियोजनाका काम सम्पूर्ण रूपले तत्काल स्थगित गर्न पर्ने होइन र ? यसमा सम्बन्धित निकाय,

*बाँकी ७ पेजमा*

# फोटो पत्रकार जय दाहाललाई मातृशोक



काठमाडौं । अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सदस्य तथा इच्छुक सांस्कृतिक प्रतिष्ठानका कार्यालय स्टाफ वरिष्ठ फोटो पत्रकार जय दाहाललाई यतिवेला मातृशोक परेको छ । क्रान्तिकारी पत्रकार महासङ्घका केन्द्रीय सल्लाहकार समेत रहेका जय दाहालकी ममतामयी आमा छायाँदेवी दाहालको ९२ वर्षको उमेरमा यही माघ १९ गते दिउँसो निधन भएको हो ।

लामो समयदेखि आफ्नो साइँलो छोराको घर चितवनमा बस्दै आउनु भएकी आमा अस्वस्थ भएपछि उपचारका क्रममा काठमाडौं आएको र केही दिन यता काठमाडौंमा कान्छो छोरा पत्रकार बलराम दाहालसँग बस्नु भएको थियो । छोराकै निबास मैतिदेवीमा आमाको निधन भएको हो ।

# प्युठानमा दुलही बोकेको जिप दुर्घटना हुँदा ८ जनाको मृत्यु

प्यूठान । प्यूठानमा दुलही बोकेको जिप दुर्घटना हुँदा ८ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमध्ये पाँच जनाको सनाखत भएको छ । शनिबार बिहान लिवाङ्को ओखरपाटामा जिप दुर्घटना भएको थियो ।

घटनास्थलमै ६ जना र उपचारको क्रममा जिल्ला अस्पताल बिजुवारमा थप दुई जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्यूठानले जानकारी दिएको छ । सनाखत हुने मृतकहरूमा ४० वर्षीया बसन्ती खड्का, ३० वर्षीया केशरी खड्का, अन्दाजी ५० वर्षीय बलबहादुर बुढामगर, ३२ वर्षिय खिमबहादुर खत्री, ५० वर्षीय नन्दि खड्का रहेका छन् । अन्यको पहिचान खुल्न बाँकी छ ।

## चिसो मौसममा देखिने मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

**जाडोको जोखिमबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
**विज्ञापन बोर्ड**







**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो:** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।